का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ असार २०८२,
आइतबार
29 June, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १४७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# अघि बढिन् विद्या



उहाँ पोलिटिकल मान्छे हो यो कुरामा किन इफ बट भनेको ? पोलिटिक्समा रुची हुन्छ, गरेरै आएको मान्छे हो । यो कुन अनौठो कुरा होइन यसलाई न्यारो ढंगले सोच्न हुँदैन

■ **ईश्वर पोखरेल**
**वरिष्ठ उपाध्यक्ष**
**नेकपा एमाले**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १४ असार ।

पूर्वराष्ट्रपति विद्या भण्डारीले एमालेको राजनीतिमा औपचारिक रूपमा पुनरागमन गरेकी छन् ।

एमालेका जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तीका अवसरमा शनिबार मदन भण्डारी फाउन्डेसनले काठमाडौंमा आयोजना गरेको विशेष कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (एमाले)की पूर्वउपाध्यक्ष समेत रहेकी भण्डारीले एमालेको सक्रिय राजनीतिमा आउने घोषणा गरेकी हुन् ।

अब आफू एमालेको परिवारको सदस्यको रूपमा पुनः जोडिएको भन्दै यसमा आफू गौरवान्वित भएको बताइन् । भण्डारीले भनिन् 'फरक ढङ्को राजनीतिक जिम्मेवारीबाट अलग भएपछि एमालेमै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तर दिने पवित्र उद्देश्यका साथ मैले पार्टी सदस्यता नवीकरण गरेको छु ।' उनले देश र जनताको सेवा गर्ने उद्देश्यले आफूले पार्टीको सदस्यता नवीकरण गरिसकेको बताइन् ।

मदन भण्डारीको भनाइलाई स्मरण गर्दै भण्डारीले जनता भगवान र राजनीतिमा थकाइ नहुने बताइन् । उनले राजनीतिक यात्रामा यहाँसम्म आउँदा धेरै कुरा बुझिएको, सिकाएको र परिपक्व बनाएको पनि बताइन् ।

उनको यो अभिव्यक्तिले एमालेको नेतृत्व गर्न सक्ने राजनीतिक परिपक्कताको सन्देश दिएको एमालेका नेताहरूले बताएका छन् । पार्टी राजनीतिमा उनको पुनरागमनलाई एमालेले स्वागत गरेको पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । 'उहाँले औपचारिक रूपमा एमालेको राजनीतिमा फर्किएको घोषणा गर्नुभएको हो भने भने हामी स्वगत गर्छौं ।'

>>> पृष्ठ २ मा

# जनमत बुझ्दै रास्वपा

एकातिर, रवि लामिछानेमाथि राज्यले प्रतिशोध साधेको भन्ने विषय जनतासम्म पुग्ने र अर्कोतिर पार्टी र नेतृत्वप्रति जनताको आस्था र विश्वास कस्तो छ भनेर थाहा लिने गरी रास्वपाले हस्ताक्षर अभियान चलाएको हो ।







हस्ताक्षर संकलन अभियान उत्साहजनक छ । हामी कति जनाले रविविरुद्ध राजनीतिक प्रतिशोध भएकोमा ऐक्यबद्धता जनाए त्यो एकीकृत गरेर सार्वजनिक गर्छौं ।

■ **मनिष झा**
**प्रवक्ता, रास्वपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी सभापति रवि लामिछानेको पक्षमा हस्ताक्षर अभियान देशव्यापी बनाएको छ । सहकारीको ठगी आरोपमा लामिछाने जेल परेसँगै रास्वपाले पार्टी र नेतृत्वप्रति जनताको बुझाइ कस्तो छ भनेर जाँच गर्न यस्तो अभियान चलाएको हो ।

एकातिर, लामिछानेमाथि राज्यले प्रतिशोध साधेको भन्ने विषय जनतासम्म पुग्ने र अर्कोतिर पार्टी र नेतृत्वप्रति जनताको आस्था र विस्वास कस्तो छ भनेर थाहा लिने गरी रास्वपाले यो अभियान चलाएको हो ।

अभियान अन्तर्गत रास्वपाले रविको पक्षमा हस्ताक्षर गर्नेको नाम, ठेगाना र सम्पर्क नम्बर समेत लिएको छ । यो डाटा संकलन गरेर रास्वपाले आगामी चुनावमा प्रयोग समेत गर्न सक्दछ ।

रास्वपाका नेताहरू जानीबुझी रविविरुद्ध प्रतिशोध भएको भनेर हस्ताक्षर अभियान चलाइएको हो । अभियान अन्तर्गत शनिवार नेपाल समाजवादी पार्टी (नेसपा नयाँ शक्ति)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई शनिबार रास्वपाको केन्द्रीय कार्यालय, बनस्थली पुगे । जहाँ उनले पनि रविको पक्षमा हस्ताक्षर गरे ।

हस्ताक्षरपछि डा. भट्टराईले 'अदालतले दोषी प्रमाणित नगरेसम्म कोही पनि निर्दोष हुन्छ भन्ने कानुनी सिद्धान्त' रहेको बताए । उनले भने, 'जुन ढंगले उहाँलाई एकपछि अर्को मुद्दामा अल्झाउने काम भइरहेको छ, यसमा राजनीतिक प्रतिशोधको गन्ध आयो । यो ठिक भएन ।' महाभारतको प्रसंग निकाल्दै भट्टराईले पुराना शक्तिहरूले नयाँ र वैकल्पिक शक्तिहरूको 'भ्रुण हत्या' गर्न खोजेको आरोप पनि लगाए । 'कृष्णको जन्म हुँदैछ र उसले आफ्नो मृत्यु गराउँछ भन्ने थाहा पाएर कंसले बहिनीको गर्भबाटै कृष्णलाई मार्न खोजे जस्तै, पुराना शक्तिहरूले नयाँ उदयमान शक्तिहरूलाई त्यसैगरी भ्रुण हत्या गर्न

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# जापान जान चाहने प्रशिक्षार्थीहरूमाथि परीक्षाको नाममा 'जान'को सिन्डिकेट

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार ।

भिजिट भिसा प्रकरणले ध्यान तानिरहेका बेला जापान जान चाहने प्रशिक्षार्थी नेपाली कामदारहरूमाथि विगत १५ वर्षदेखि चल्दै आएको एक अनधिकृत सिन्डिकेट क्रमशः सार्वजनिक हुँदै गएको छ ।

नेपाल सरकारको वैदेशिक रोजगार विभाग र एक गैरसरकारी संस्था 'जाइका अल्मुनाइ एसोसिएसन नेपाल (जान)'बीचको मिलोमतोमा 'भिसा भइसकेपछि' फेरि भाषा परीक्षा लिइने अनौपचारिक प्रक्रिया अहिले सर्वोच्च अदालतसम्म पुगिसकेको छ ।

यो प्रक्रिया न नेपालको कानुनमा छ, न त जापानको नियमन प्रणालीमा नै आधारित छ । तथापि, हजारौं प्रशिक्षार्थी युवालाई ' अन्तिम श्रम स्वीकृति'को बहानामा जान संस्थाबाट परीक्षा दिइने नाममा फेल गराइन्छ र उनीहरू जापान जानबाट बञ्चित हुन्छन् ।

**भिसा आइसकेपछि परीक्षा लिने ?**

जापानको अध्यागमनबाट सीओई प्राप्त गरेका नेपाली कामदार जापानको श्रम बजारमा प्रवेश गर्न कानुनीरूपमा योग्य ठहरिइसकेका हुन्छन् । तर, सिओई प्राप्त नेपाली श्रमिक युवाहरूलाई वैदेशिक रोजगार विभागको निर्देशनमा जान नामक संस्थाले फेरि भाषा परीक्षा लिन्छ ।

यो संस्थाले एक परीक्षार्थीबाट ३ हजार ३०० रुपैयाँ उठाउने

>>> पृष्ठ २ मा

## श्रमिकको स्वास्थ्य रक्षाबारे चासो

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले विश्व स्वास्थ्य संगठनमा नेपालका तर्फबाट प्रस्ताव गरिएको श्रमिकको स्वास्थ्य रक्षाका मुद्दालाई प्रभावकारी बनाउन संवाद अघि बढाएका छन् । संगठनको कार्यकारी समिति सदस्यसमेत रहेको नेपालले यस मुद्दा आगामी महासभामा लैजान गृहकार्य गरिरहेको छ ।

यसै सन्दर्भमा थाइल्याण्डको बैंककस्थित राष्ट्रसंघीय

>>> पृष्ठ २ मा

# अवकाशलगत्तै नियुक्तिमा 'ब्रेक'

प्रतिनिधि सभामा विचाराधीन विधेयक जस्ताको तस्तै पास भए संघीय निजामती सेवाबाट अवकाश भएकाहरुले संवैधानिक नियुक्ति लिन दुई वर्ष पर्खनुपर्ने हुन्छ ।



राज्य व्यवस्था समितिबाट आएको विधेयकको प्रतिवेदन आएको छ । आधारभूत रूपमा त्यही प्रतिवेदन नै पारित हुन्छ भन्नेमा म विश्वस्त छु ।

■ **महेश बर्तौला**
**मुख्य सचेतक**
**एमाले**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १४ असार ।

निक्कै लामो सकस र छलफल पनि अन्नतः दलहरू सरकारी कर्मचारीमा दुई वर्ष कुलिङ राख्न सहमति नजिक पुगेका छन् । दुई वर्ष कुलिङ राख्ने प्रस्तावमा उच्च पदस्थ कर्मचारीहरूले असन्तुष्टि जनाउँदै आएका छन् । तथापि, दलहरू अगाडि बढ्न सहमति नजिक पुगेका हुन् ।

यसअघि प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सरकारी कर्मचारीमा २ वर्ष कुलिङ राख्ने गरी संघीय निजामती सेवा विधेयकको प्रतिवेदन पास गरेको थियो ।

संसदीय समितिबाट सर्वसम्मत रूपमा पास भएको विधेयक प्रतिनिधिसभामा अडकिएको थियो । उच्च पदस्थ कर्मचारीहरूले विधेयकमा असन्तुष्टि जनाइरहँदा दलहरू सरकारी कर्मचारीमा २ वर्ष कुलिङ राख्न सहमति जकिन पुगेका हुन् । राजपत्राकिंत विशिष्ट वा प्रथम श्रेणीको पदबाट अवकास लिएको मितिले २ वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिइ नियुक्ति लिन नपाइने व्यवस्था यो विधेयकमा छ । यस्तो व्यवस्था अन्तर्गत नेपाल सरकारको सचिव वा सहसचिव पदबाट अवकाश पाएको २ वर्षसम्म संवैधानिक, कुटनीतिक, अन्तरसरकारी, अन्तर र्राष्ट्रिय विकास साझेदारबाहेकका निकायमा सरकारी स्वीकृतिबिना नियुक्ति हुन नपाइने उल्लेख छ । अवकास भएको एक

>>> पृष्ठ २ मा

Vacancy Announcement
One of the leading Manpower Recriutment company in Lalitpur is seeking for following applicants.
- Public Relation Officer- 2 (Male / Female)
- Labor Desk Representative- 1 (Male / Female)
- Receptionist- 1 (Female)

Minimum 2 years of experience in the manpower and recruitment industry is compulsory.
Send us CV at : perfect.documents941@gmail.com
info@perfectdestination.com.np
PERFECT DESTINATION PVT. LTD. Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021. Mobile No: 9803152554.

# 'मिसन २०८४ मा पार्टी लागेको बेला आफ्नो स्वार्थ खोज्नेहरूको हिसाब किताब गरिन्छ'

**काठमाडौं/मस**–प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशन नआउँदै पार्टीभित्र केही स्वार्थ तत्वहरूलाई महाधिवेशन लागेको टिप्पणी गरेका छन् । जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तीका अवसरमा राष्ट्रिय युवा संघद्वारा चन्द्रागिरी नगरपालिका-१३, कङ्कालीमा आयोजित वृक्षारोपण कार्यक्रमको शुभारम्भका अवसरमा अध्यक्ष ओलीले आफूहरुको लक्ष्य पार्टीलाई एकल बहुमतसहितको मिसन-२०८४ रहेको स्थितिमा पार्टीभित्र आफ्नो स्वार्थ खोज्नेहरूको हिसाब किताब गरिने बताएका हुन् ।



'हामी अर्जुनदृष्टिका साथ मिसन २०८४ को अभियानमा छौँ । हाम्रो स्वार्थ देशको समृद्धि, विकास र सुशासन हो । यस मिसनमा सबै एकजुट भएर लाग्नुपर्ने बेलामा महाधिवेशन नआउँदै महाधिवेशन लागेको जस्तो देखाउन आवश्यक छैन', अध्यक्ष ओलीले भने, 'हाम्रा कार्यकर्तालाई महाधिवेशन लागेकै छैन । केही स्वार्थीहरुलाई महाधिवेशन लागेको मात्रै हो । हामी त्यस्ताका पछाडि लाग्नु हुँदैन ।'

प्रधानमन्त्री ओलीले शिक्षक, विद्यार्थी र सबैको मेहनतका कारण यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा गत वर्षको भन्दा १४ प्रतिशत बढी विद्यार्थी उत्तीर्ण भएको उल्लेख गर्दै आगामी वर्ष थप सुधार ल्याउने गरी काम गरिने बताए । प्रधानमन्त्री ओलीले मौका परीक्षामा सहभागी हुने र आउने एसईईका लागि पनि देशभर महत्वपूर्ण विषयमा निःशुल्क अनलाइन कक्षा सञ्चालन गराइने जानकारी गराए ।

यस्तै ओलीले महाकाली सन्धि ठिक रहेको बताए । उनले भने, 'महाकाली परियोजनासम्बन्धी सम्झौता गर्ने पक्षमा अहिले पनि सरकार छ । अहिले कार्यान्वयन गर्ने पक्षमा सबै छन् । निकट भविष्यमा महाकाली सम्झौता कार्यान्वयन गर्दै पञ्चेश्वर सम्झौता पनि कार्यान्वयन गर्छौं । यो गर्न पाउनुपर्छ ।'

प्रधानमन्त्री ओलीले महाकाली सम्झौता अन्तर्गत बिजुली, पानी लिइएको बताए । उनले भने,'महाकाली सम्झौता ठिक छ । कुनै नदीखोला बेचेका छैनौं ।'

एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले एमाले राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डता बेच्ने पार्टी नरहेको बताए । उनले राष्ट्रिय स्वाधिन्तामा अलिकति तलमाथि पनि हुन नदिइने बताए ।

# पार्टीका आन्दोलनमा विचलन आयो, पदका निम्ति तँछाडमछाड छ : प्रचण्ड



**काठमाडौं/मस**–नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले कम्युनिष्ट आन्दोलनमा पछिल्लो समय विचलन आएको बताए ।

भक्तपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले पार्टीका आन्दोलनमा विभिन्न किसिमका राजनीतिक, सैद्धान्तिक, व्यवहारिक र सांस्कृतिक विचलन देखिएको बताए । कम्युनिष्ट पार्टी स्थापना भएर अघि जाँदै गर्दा जुन आदर्शको निम्ति र जुन समर्पण भावको साथ त्याग र तपस्याद्वारा जनताको सेवा गर्ने र वर्गको मुक्तिको लागि आफूलाई सम्पूर्ण रुपले समर्पित गर्ने प्रतिवद्धता व्यक्त भएको थियो त्यो अनुसार अहिलेका आन्दोलन अघि बढ्न नसकेको जिकिर गरे । अहिले सबैतिर पद र व्यक्तिगत स्वार्थका निम्ति तँछाडमछाड भइरहेको बताए । अध्यक्ष दाहालले भने, 'आज भोलि पार्टीमा, आन्दोलनमा धेरै नै किसिमका विचलनहरु सैद्धान्तिक, राजनीतिक पनि, व्यवहारिक, सांस्कृतिक पनि थुप्रै किसिमका विचलनहरु देखिन्छन् । हामीले जतिबेला कम्युनिष्ट पार्टी स्थापना भएर अघि जाँदै गर्दा जुन आदर्शको निम्ति र जुन समर्पण भावको साथ त्याग र तपस्याद्वारा जनताको सेवा गर्ने र वर्गको मुक्तिको लागि आफूलाई सम्पूर्ण रुपले समर्पित गर्ने प्रतिवद्धता व्यक्त गरेका थियौं, हिजो चाहे जनक्रान्तिको बेला होस् वा जनआन्दोलनको बेलामा जुन किसिमको समर्पण प्रदर्शन गर्दथ्यौं, आज भोलि त्यसमा धेरै नै खडेरी परेको देखिन्छ । सबैतिर पदको निम्ति, स्वार्थको निम्ति आफ्नो व्यक्तिगत प्रतिष्ठाको निम्ति मान्छे तँछाडमछाड गरेको सबैतिर देखिन्छ । हाम्रो पार्टीले गएको केन्द्रिय समितिको बैठकमा यो त बढी नै भयो । हामी हाम्रो विचार, राजनैतिक मुद्दा, वर्ग, समुदायप्रति जति नजिकको सम्बन्ध र उनीहरुको मुक्तिका निम्ति समर्पित हुनुपर्ने हो त्यस्तो भएन ।' अध्यक्ष दाहालले यही अवस्था चलिरहेका कम्युनिष्ट वर्गले देखेको सपना पूरा हुन नसक्ने बताए ।

# सर्बिया पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस**– वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी सर्बिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-९ बस्ने पर्सा सखुवा प्रसौनी गाउँपालिका-६ घर भएका २३ वर्षीय सुनिलकुमार सोनारलाई पक्राउ गरिएको छ ।

सर्बिया पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट १० लाख रुपैयाँ लिइ सुनिल सम्पर्कविहीन भएको प्रहरीले जनाएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई काठमाडौं महानगरपालिका-१० बाट बिहीबार पक्राउ गरेको हो । उनलाई कारबाहीका लागि वैदेशिक रोजगार विभागको जिम्मा लगाइएको छ ।

# डिजिटल पत्रकारिता र एआईसम्बन्धी तालिम सम्पन्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार

डिजिटल पत्रकारिता र एआई सम्बन्धी ७ दिने तालिमको समापन गरिएको छ । नेपाल प्रेस युनियन साँखु शाखाको आयोजना तथा कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक सहयोगमा भएको उक्त तालिम शनिबार समापन गरिएको हो ।




८ असारबाट भएको तालिममा शंखरापुर र कागेश्वरी मनोहरा नगरपालिकाका ४० प्रशिक्षार्थीहरू सहभागी थिए । तालिमको समापन समारोहका प्रमुख अतिथि कागेश्वरीमनोहारा नगरपालिकाका मेयर उपेन्द्र कार्कीले पत्रकारितामा नयाँ प्रविधिको उपयोग र व्यवसायिक विकासले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने बताए ।

'तालिममा सहभागी नयाँ तथा कार्यरत पत्रकारहरूले आगामी दिनमा पत्रकारिता पेशालाई नै व्यवसायिक रूपमा लैजान सक्ने गरी नयाँ प्रविधिको प्रयोग गर्दै जान सक्नुपर्छ', उनले भने 'अब एआईको युग सुरू भइसकेको छ, तपाईंहरूले यसलाई सही उपयोग गरेर समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै पत्रकारितालाई व्यवसायिक बनाउनुस् । त्यसका लागि आवश्यक तालिक तथा क्षमता विकासमा नगरपालिका र व्यक्तिगत रूपमा समेत पूर्णरूपमा साथ सहयोग दिन प्रतिबद्ध छु ।' आफू पत्रकार र पत्रकारिताप्रति सँधै सकारात्मक रहेको उनले बताए ।

पत्रकारिता समाजलाई डोऱ्याउने समाजबाटै स्वघोषित एउटा महत्वपूर्ण अंग भएको बरिष्ठ पत्रकार तथा प्रमुख प्रशिक्षक धर्मेन्द्र झाले बताए । उनले भने 'पत्रकारहरूले आफ्ना सामग्रीहरू प्रकाशन प्रशारण गर्दा स्रोतको पुष्ट्याइँ अनिवार्य सर्त बनाउनुपर्छ । यसले समाजलाई नै डोऱ्याउँछ ।' व्यवसायिक पत्रकार बन्नेहरूका लागि अनेकन सम्भावना रहेको भन्दै उनले साँखु क्षेत्रबाट पत्रकारिता गर्ने पत्रकार हरूका लागि आफुले व्यवसायिक सीप र रोजगारीका अवसरमा सहयोग गर्ने बताए ।

वर्तमान अवस्थामा नेपाली पत्रकारिताको खस्कदो विश्वसनियतालाई बढाउन व्यवसायिक रूपमा अघि बढ्नुपर्ने नेपाल प्रेस युनियनका महासचिव दिलिप पौडेलले बताए ।

नयाँ प्रविधिको बढ्दो प्रयोगलाई सकारात्मक र व्यवसायिक बनाउन सके यसबाट पत्रकार र आम नागरिकले समेत लाभ लिन सक्ने उनको भनाई छ । कार्यक्रममा सहभागी अतिथिहरू बरिष्ठ पत्रकार कुलचन्द्र वाग्ले, शंखरापुर नगरपालिकाकी उपमेयर समिता श्रेष्ठ, नेपाल प्रेस युनियनका उपाध्यक्ष जीवन भण्डारी, केन्द्रीय सदस्य जीवन शर्मालगायतले नेपाली पत्रकारितामा एआई प्रविधिको विकास, उपयोग, यसका सकारात्मक तथा नकारात्मक प्रभाव र व्यवसायिक पत्राकारितामा यसको प्रभावका विषयमा चर्चा गरेका थिए ।

नेपाल प्रेस युनियन साँखु शाखाका अध्यक्ष रामकृष्ण सिंह डंगोलले काठमाडौंको काठ क्षेत्र शंखरापुर, साँखु, कागेश्वरीलगायत क्षेत्रको विकासमा व्यवसायिक पत्रकारिताको खाँचो औंल्याउँदै यो तालिमले त्यसलाई पूर्ति गर्ने विश्वास व्यक्त गरे । तालिममा सहभागीहरू मध्येबाट कामको आधारमा उत्कृष्ठ छनोट गरी थप तालिमको व्यवस्था गर्न स्थानीय सरकारसँग पहल गर्ने बताए । थप तालिमका लागि आवश्यक सहयोग गर्न शंखरापुर नगरपालिकाकी उपमेयर समिता श्रेष्ठ र कागेश्वरी नगरपालिकाका मेयर उपेन्द्र कार्कीले प्रतिबद्धतासहित सहभागीहरूलाई हौसलाका साथ काम गर्न उत्पेरित गरेका थिए ।

## अघि...

पार्टीमा आएर काम गर्छु, समय दिन्छु र पार्टीले जिम्मेवारी दिएको ठाउँमा काम गर्छु भन्ने जो कोहीलाई पार्टीले स्वागत नै गर्नुपर्छ ।' २०७४ को निर्वाचनपछि पार्टीको उपाध्यक्षबाट राजीनामा दिदै राष्ट्रपति बनेकी उनी २०७९ को निर्वाचनपछि ७ वर्षे राष्ट्रपति कार्यकाल सकाएर शीतल निवासबाट निजि निवास फर्केकी थिइन् । त्यसयता सक्रिय राजनीतिमा आउने योजनासहित देशभर विभिन्न कार्यक्रमा भाषण गर्दै हिँडेकी भण्डारीले शनिबार पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई अगाडि राखेर पार्टी राजनीतिमा फर्किएको बताइन् ।

'समयको पदचापलाई राम्रोसँग बुझेर र त्यसलाई आत्मसात गरेर संयमतापूर्वक अग्रसर हुनुपर्दछ', उनले भनेकी छन, 'सदाझैं सबैको सधैंभरि माया र विश्वास पाइरहेँ । जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादको मार्गदर्शनमा सामाजिक-आर्थिक रूपान्तरण गर्ने दायित्व बाँकी नै रहेको छ ।'

भण्डारीको यो कुटनीतिकपूर्ण अभिव्यक्तिले एमालेमा ठूलै झड्का लागेको नेताहरूले स्वीकार गरेका छन् । एमाले पोलिटब्युरो सदस्य कर्ण थापाले पूर्वराष्ट्रपति पहिलादेखि नै राजनीतिमा सक्रिय रहेकाले यसमा कसैले शंका गर्ने ठाउँ नरहेको बताए । 'भण्डारीको आजको सन्देशले उहाँको सक्रिय राजनीतिबाट देशकै नेतृत्व गर्न सक्ने क्षमता राख्नु हुन्छ भन्ने पुष्टि गरेको छ ।'

भण्डारी राष्ट्रपतिको भूमिकाबाट बाहिर भएदेखि नै उनको राजनीतिक भविष्यबारे धेरैले चासो राख्दै आएका छन् । अझै राजनीतिक अभियान नै लिएर देश दौडाहामा निस्केपछि भण्डारीप्रति हेर्ने दृष्टिकोण पूर्णतया राजनीतिक नै बनेको छ । यसबाट पनि विद्या उत्साहित भएकी छन् । उनले सार्वजनीकरूपमा आएका फरकफरक प्रतिक्रियाहरूले औपचारिक रूपमै पार्टी राजनीतिमा आउन थप उत्साह बढाएको उनको विश्वास छ ।

एक महिलाले पार्टीको मूल नेतृत्व हुँदै देशकै नेतृत्व गर्ने आँट गर्नुलाई नेपाली राजनीतिमा सकारात्मक लिन सकिने राजनीतिक विश्लेषकहरू बताउँछन् । 'एक हिसाबले हेर्दा राष्ट्रपति भइसकेको व्यक्ति फेरि राजनीतिमा फर्कनुले राम्रो सन्देश नदेला', विश्लेषक विष्णु पन्थीले भने 'अर्को कोणबाट हेर्दा एउटा महिलाले पार्टी नेतृत्व हुँदै देशकै कार्यकारी बन्ने सपना देख्नु नेपाली राजनीतिमा निकै सकारात्मक विषय हो ।' भण्डारीको सक्रिय राजनीतिप्रति फरक फरक कोणबाट बहस भइरहेको छ । कतिपयले यसलाई वर्तमान अध्यक्ष केपी ओलीको विरूद्ध उठेको योजनाका रूपमा लिएका छन् भने केहीले कम्युनिष्ट आन्दोलनलाई संस्थागत गर्न स्वभाविक र सकारात्मक रूपमा लिएका छन् ।

एमालेका वरिष्ठ उापध्यक्ष इश्वर पोखरेलले पूर्वराष्ट्रपति भण्डारीलाई सल्लाह र समझदारीबाटै पार्टीको जिम्मेवारीबारे निर्णय हुने बताए ।

राजनीतिक मान्छे राजनीतिमा रूची राख्नु कुनै अनौठो नभएको भन्दै पोखरेलले भण्डारीका पक्षमा खुलेर चर्चा गरेका छन् । 'पूर्वराष्ट्रपति राजनीतिमा आउने वा नआउने तपाईंहरूलाई सँगसँग होला । राष्ट्रपति दललाई नै प्रतिनिधित्व गरेर जानुभयो,' उनले भने, 'त्यहाँ गएपछि एउटा भूमिका पूरा गर्नुभयो, उहाँ पोलिटिकल मान्छे हो । यो कुरामा किन 'इफ बट' भनेको ? पोलिटिक्समा रुचि हुन्छ । गरेरै आएको मान्छे हो । यो कुन अनौठो कुरा हो ? यसलाई न्यारो ढंगले सोच्न हुँदैन ।'

तर एमाले अध्यक्ष ओलीले भण्डारीको राजनीतिक सक्रियताप्रति असन्तुष्ट व्यक्त गरेका छन् । मदन भण्डारीको जन्मजयन्तीका कार्यक्रममा एउटै मञ्चबाट असन्तुष्टिको संकेत गर्दै उनले मदन भण्डारीलाई लागेका केही आरोपबारे स्मरण गराउँदै मदनको व्यक्तिगत प्रसंग निकालेका ओलीले भने 'चार वटी कि कतिवटा श्रीमती' छन् भनेर आरोप लगाइयो । त्यसको प्रमाण कसले खोज्न जाने अब ? अनेक दुर्वाच्य बोलिए । सहकारीमा ठगेर हिँडेको हो भनेर आरोप लगाइयो । कुनै आधार, साइनो सम्बन्ध केही पनि थिएन ।' मदन भण्डारीमाथि झुटा लाञ्छनाको श्रृङ्खला नै चलेको उनको भनाइ छ । ओलीले यो कार्यक्रममा यी विषय उठान गर्नु उचित नभए पनि भण्डारीको राजनीतिक सक्रियतामाथि प्रश्न उठाउने गरी ओलीले जानाजान यस्तो तर्क गरेको एमालेकै एकाथरी नेता कार्यकर्ताले टिप्पणी गरेका छन् । यसो भन्दै गर्दा मदन भण्डारीलाई सम्झिएर विद्याले नागरिकलाई आफ्नो अभियानमा जोडिन अपिल गरेकी छन्, 'जननेताले भन्ने गर्नुहुन्थ्यो– जनता भनेका भगवान हुन् । साथै उहाँले भन्नुभएको थियो– राजनीतिमा थकाई भन्ने शब्दावली हुँदैन । आज तपाइँहरूका बीचमा हुँदा मदनका यी भनाइहरू मैले पुनः स्मरण गर्दै यहाँ उल्लेख गरेको छु ।'

राजनीतिमा थकाइ नहुने र आफू नथाकेको सन्देश दिएर नागरिकसँग अपिल गरेकी विद्याले आफू परिपक्क राजनीतिज्ञ हुँ भन्न छुटाएकी छैनन् ।

## जनमत...

खोज्छन्,' डा. भट्टराईले भने ।

रास्वपाले यही असार ७ गतेदेखि लामिछानेमाथि राजनीतिक प्रतिशोध भएको भनेर हस्ताक्षर अभियान चलाइरहेको छ । रास्वपाका प्रवक्ता मनिष झाका अनुसार हस्ताक्षर संकलन अभियान उत्साहजनक रूपमा भइराखेको छ । उनी भन्छन्, 'हस्ताक्षर संकलन अभियान उत्साहजनक छ । कति जनाले रविविरुद्ध राजनीतिक प्रतिशोध भएकोमा ऐक्यबद्धता जनाए त्यो एकीकृत गरेर सार्वजनिक पनि गर्छौं ।'

उनका अनुसार अभियानमा नेता, प्रशासक र कलाकारको सहभागिता उत्साहजनक छ । अभिनेता विपिन कार्कीले पनि रास्वपाको कार्यालयमा पुगेर रविबारे हस्ताक्षर अभियानमा भाग लिएका छन् ।

राउटेदेखि सडकमा मकै बेच्नेसम्मले हस्ताक्षर गरेर रविको पक्षमा मत प्रकट गरेका छन् । रास्वपाका नेताहरू अहिलेको अभियानमा जोडिएकाहरू पार्टीप्रतिसमेत नरम हुने र आगामी चुनावमा भेट दिने विश्वासमा छन् । यसकारण उनीहरू यसलाई पार्टीको जनमत परीक्षणको रूपमा समेत अर्थ लगाउँछन् ।

## जापान...

गरेको छ र पछिल्ला १४ वर्षमा करिब ५ हजार २४५ जनाबाट १ करोड ७९ लाख रुपैयाँभन्दा बढी रकम जानले असुलेको छ । फेल भएका परीक्षार्थीले फेरि परीक्षा दिनुपर्ने हुँदा यो आँकडा अझै बढ्ने देखिन्छ ।

### अदालतमा रिट, सरकार मौन

यो आपराधिक स्वरूपको प्रक्रियाविरुद्ध अधिवक्ताहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । अदालतले वैदेशिक रोजगार विभाग र जान दुबैलाई लिखित जवाफ पेश गर्न निर्देशन दिँदै १५ दिनभित्र छलफलमा बोलाएको छ ।

अधिवक्ताहरूका अनुसार जानले लिएको भाषा परीक्षाको प्रमाणपत्र वैदेशिक रोजगार विभाग बाहेक अन्यत्र प्रयोग नै हुँदैन, न त जापानमै यसको कुनै उपयोग हुन्छ ।

### वैदेशिक रोजगार व्यवसायीको चेतावनी

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि सीओई प्राप्त गरिसकेका श्रमिकलाई रोक्नु अकल्पनीय अन्याय भएको भन्दै आपत्ति जनाएको छ । कार्यवाहक महासचिव कुन्छा दोर्जे डिम्दोङका अनुसार कानुनीरूपमा जापान जान योग्य भइसकेकाहरूमाथि फेरि परीक्षा लिने र फेल गराउने प्रक्रिया सम्पूर्ण रूपमा खारेज गरिनुपर्छ । संघले आफ्ना सदस्यहरूलाई फेल बनाइएका कामदारहरूको विवरण संकलन गरी विभागसमक्ष पेस गर्न निर्देशन दिइसकेको छ ।

### 'जान'को बचाउ, महानिर्देशक अन्जान

जानका अध्यक्ष डा. रामचन्द्र भुसालले परीक्षाको जिम्मा आफूहरूले लिए पनि त्यो आफ्नो रहर नभई वैदेशिक रोजगार विभागको आग्रहमा गरिएको दाबी गरेका छन् । उता, विभागका हालै सरुवा भएर आएका महानिर्देशक कमलप्रसाद भट्टराईले भने आफूलाई सो प्रकरणको विस्तृत जानकारी नभएको प्रतिक्रिया दिएका छन् ।

तर विभागका कर्मचारीको हस्ताक्षरसहितको पत्र नै सार्वजनिक भइसकेको अवस्थामा भट्टराईको भनाइ झनै शंकास्पद देखिएको छ ।

### अन्तिम परीक्षा रोक्ने निर्णय

अदालतबाट अन्तरिम आदेशको सम्भावना देखिएपछि जानले तत्कालका लागि परीक्षा रोक्ने निर्णय लिएको जनाएको छ । 'थोरै समय बाँकी छ, त्यसैले फैसला नभएसम्म परीक्षा नलिने निष्कर्षमा पुगेका छौं,' अध्यक्ष भुसालले जानकारी दिए ।

### कांग्रेस नेता शिवाकोटीको आक्रोश

नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले यो सिन्डिकेटविरुद्ध सामाजिक सञ्जालमार्फत आक्रोश व्यक्त गर्दै तत्काल कारबाहीको माग गरेका छन् । 'भिसा नै आइसकेपछि पुनः परीक्षा लिने, अलमल्याउने, फेल गराउने र पैसा असुल्ने काम अमानवीय र गैरकानुनी हो,' उनले लेखेका छन्, 'यो प्रशिक्षार्थी युवाको सपना र श्रममाथि ठगी र अपमान हो ।' शिवाकोटीले यो सिन्डिकेटलाई विगत १५ वर्षदेखि संस्थागत ढंगले चलाइएको 'श्रम शोषण उद्योग'को रूपमा चित्रण गर्दै वैदेशिक रोजगार विभाग र जानबीचको सहकार्य तत्काल अन्त्य गर्नुपर्ने बताए । 'सरकारले आफ्ना युवाको श्रमको सम्मान गर्न नसके बेरोजगारीविरुद्धको नारा पनि खोक्रो हुन्छ,' उनले जोड दिए ।

## श्रमिकको...

सम्मेलन केन्द्रमा मन्त्री पौडेलले संगठनकी दक्षिणपूर्वी एसिया क्षेत्रीय निर्देशक साइमा वाजेदसँग नेपालको एजेण्डाको तयारी र यसमा जुटाउन सकिने विश्व समर्थनबारे विषय उठान गरे ।

मन्त्री पौडेलले भने, 'हाम्रा धेरै श्रमिक अहिले रोजगारीका क्रममा बाहिर छन् । उनीहरुको स्वास्थ्य समस्या हाम्रा लागि चिन्ताको विषय बनेको छ । सबै श्रमिक देशका साझा समस्यालाई सम्बोधन गर्न पर्याप्त गृहकार्य आवश्यक छ ।'

जवाफमा निर्देशक वाजेदले नेपालको एजेण्डामा समर्थन जुट्ने विश्वास व्यक्त गर्दै आफ्ना तर्फबाट समन्वयात्मक पहल हुने प्रतिबद्धता जनाए ।

हालै सम्पन्न विश्व स्वास्थ्य संगठनको महासभामा नेपालले आगामी महासभामा नेपाली श्रमिकले भोगिरहेको स्वास्थ्य समस्या सम्बोधन गर्न सबै श्रमिकको स्वास्थ्यको जिम्मेवारी रोजगारदाताले लिनुपर्ने प्रस्ताव पठाएको थियो । जसलाई आगामी महासभामा नेपालका तर्फबाट पेस गरिनेछ । मन्त्री पौडेलले हालै मात्र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा विदेशबाट फर्किएका श्रमिकको निःशुल्क परीक्षण तथा नियमित भर्चुअल स्वास्थ्य सेवा दिन गरेको निर्णय कार्यान्वयनमा आइसकेको जानकारी दिए ।

## अवकाश...

वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न पनि रोक लगाइने भएको छ । सरकारको स्वीकृति नलिइ कुलिङ पिरियडभित्र नियुक्ति खाने कर्मचारीको निजामति ऐनले तोकेको सेवा सुविधा लिन नपाउने पनि उल्लेख गरेको छ ।

यस्तो व्यवस्था स्वीकृत भएपछि अवकास पाएको कम्तिमा २ वर्ष भित्रै नियुक्ति खाने कर्मचारीको पेन्सन तथा अन्य सरकारी सुविधा लिन पाउँदैनन् ।

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले विधेयकको प्रतिवेदन बुझाएको छ भने त्यसउपर आइतबार प्रतिनिधि सभामा छलफल हुनेछ ।

'राज्य व्यवस्था समितिबाट आएको विधेयकको प्रतिवेदन आएको छ । आधारभूत रूपमा त्यही प्रतिवेदन नै पारित हुन्छ भन्नेमा म विश्वस्त छु' सत्तारुढ नेकपा (एमाले)का मुख्य सचेतक महेश बर्तौलाले भने ।

आइतबार दिउँसो १ बजे प्रतिनिधि सभाको बैठक बस्दैछ । बैठकमा समितिको प्रतिवेदनसहित 'संघीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत हुनेछ ।

संसदीय समितिबाट पास भएर यो विधेयक १ असारमा प्रतिनिधि सभामा पेस भएको थियो । ३ असारमा पारित गर्ने कार्यसूची पनि तय भएको थियो । तर, त्यसदिन प्रतिनिधि सभा कार्यसूचीमा प्रवेश नै गरेन । त्यसपछि पुनः यो विषय कार्यसूचीमा चढेको हो ।

यो विधेयक संघीयता कार्यान्वयनसँग जोडिएको विधेयक पनि हो । प्रदेश प्रमुख सचिव संघीय सेवाको हुनेगरी विधेयक अगाडि बढेको छ । प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको हुनेछ । तर, प्रदेशमा प्रदेश सचिव तयार नहुँदासम्म संघबाट १० वर्षसम्म खटाउन सकिने प्रावधानसहित विधेयक अगाडि बढेको हो ।

विधेयकमा ट्रेड युनियन लगायतका व्यवस्थालाई यथावत् राखिएको छ । समितिबाट पास भएर अगाडि विधेयक जस्ताको तस्तै पास भए संघीय निजामती सेवाबाट अवकाश भएकाहरूले संवैधानिक नियुक्ति लिन २ वर्ष पर्खनुपर्ने हुन्छ । यसलाई 'कुलिङ पिरियड' भनिएको छ । कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को सरकारी नियुक्ति नलिने भन्ने व्यवस्था हो ।

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति खतिवडाले विधेयक अब प्रतिनिधि सभाबाट पारित भएर अगाडि बढ्ने बताए । 'विधेयक समितिबाट सर्वसम्मत रूपमा पास भएको छ । अब जस्ताको तस्तै प्रतिनिधिसभाबाट पनि पास हुन्छ' सभापति खतिवडाले भने ।

नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायतका दलका सांसदले कुलिङ पिरियड २ वर्ष राख्नु उचित हुने बताउँदै आएका थिए । तर यसमा एमालेको फरक मत थियो । एमाले १ वर्ष कुलिङ पिरियड राख्नुपर्ने अडानमा थियो । तर अहिले एमाले लचक भएपछि सरकार २ वर्ष कुलिङ पिरियड राखेर जान सहमत भएको हो ।

निजामती सेवा बिधेयक २१ फागुन २०८० मा प्रतिनिधि सभामा दर्ता भएको थियो । सैद्धान्तिक छलफल गरेर प्रतिनिधि सभाले दफावार छलफलका लागि १५ जेठ २०८१ मा राज्य व्यवस्था समितिमा पठाएको थियो ।

संघीय निजामती सेवासम्बन्धी विधेयकमा सांसदहरूले १२४ समूहमा १ हजार ५८३ वटा संशोधन परेको थियो । २०७५ सालमा प्रतिनिधि सभामा दर्ता भएको संघीय निजामती सेवा विधेयक २०७८ साल असोजमा सरकारले फिर्ता गरेको थियो । त्यसपछि प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा संसदमा विधेयक नै आउन सकेन ।

प्रतिनिधि सभाको चालु कार्यकालमा समेत विधेयक अपेक्षित गतिमा अगाडि बढ्न नसकेको भनेर सरोकारवालाहरूले प्रश्न गरिरहेका छन् । यो बेला सरकारले नमिलेका विषयमा सहमतिको प्रस्ताव गरेको हो ।

राजनीतिक नियुक्तिका लागि सचिव तथा सहसचिवले पदमा रहँदा चलखेल गर्ने र आफूअनुकुल नियम कानूनसहितको नियुक्तिको वातावरण बनाएको भन्दै सरकारले कुलिङ पिरियड राख्न खोजेको हो ।

यसअघि संसदकै राज्य व्यवस्था तथा सुशासन समितिमा लोक सेवा आयोगले पनि निजामति कर्मचारीलाई अवकास लिने वित्तिकै संवैधानिक निकायमा नियुक्ति दिने प्रवित्ति गलत भएको भन्दै कुलिङ पिरियड आवश्यक भएको तर्क पेश गरेको थियो ।

लोकसेवाले निजामती सेवामा कुनै दल र नेतासँग राजनीतिक लाइन मिलाएर अवकास पाउसाथ अर्को नियुक्ति खाइहाल्ने परिपाटीलाई हटाउन कुलिङ पिरियड आवश्यक भएको सुझाव दिएको थियो ।

मध्यान्ह
www.madhyanhadaily.com



# प्रधानमन्त्री ओली स्पेन भ्रमणमा

**काठमाडौं/मस**-प्रधानमन्त्री केपी शर्मा ओली स्पेन प्रस्थान गरेका छन्। शनिबार साँझ त्रिभूवन अन्तरर्राष्ट्रिय विमानस्थल हुँदै प्रधानमन्त्री ओलीसहितको नेपाली प्रतिनिधि मण्डल कतार एयरवेजमार्फत स्पेन प्रस्थान गरेको हो।

स्पेनको ६ दिने औपचारिक भ्रमणमा प्रधानमन्त्रीको नेतृत्वमा २१ सदस्यीय प्रतिनिधि मण्डल रहेको छ। २१ सदस्यीय प्रतिनिधि मण्डलमा स्पेनस्थित नेपाली राजदुत र न्युयोर्कस्थित आवासीय प्रतिनिधि समेत रहनेछ। परराष्ट्रमन्त्रालयका सचिव सहित सम्बन्धित क्षेत्रको नेतृत्व गर्ने अधिकारीसहितको टीमका अतिरिक्त अर्थसचिव तथा प्रधानमन्त्री कार्यालयका सचिव पनि भ्रमण दलमा रहेका छन्।

प्रधानमन्त्रीको मुख्य सल्लाहकारसहित स्वकीय सचिवालयका आवश्यक व्यक्तिहरुको संलग्नता रहेको छ। प्रधानमन्त्री ओलीले असार १६ देखि १९ गतेसम्म आयोजना हुने 'विकासका लागि वित्तसम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलन'मा भाग लिएका छन्।

संयुक्त राष्ट्रसंघको 'विकासको लागि वित्त (फाइनान्सिङ फर डेभलपमेण्ट) चौथो अन्तर्राष्ट्रिय सम्मेलन'का क्रममा भ्रमणको दोस्रो दिन असार १५ गते दिउसो करिव ४ बजे भ्रमण टोली स्पेनको शहर सेभियामा पुग्नेछ। लगत्तै प्रधानमन्त्री ओलीले नागरिक समाजले आयोजना गरेको प्लेनरीको समापन सत्रमा सम्बोधन गर्ने कार्यक्रम छ। जहाँ स्पेनका मन्त्रिपरिषद्का अध्यक्षसहित विभिन्न व्यक्तित्वहरुको सहभागिता हुनेछ। साँझ ५ बजे स्पेनका प्रधानमन्त्री (स्पेन सरकारका अध्यक्ष) पेद्रो साञ्चेजसँग नेपालको प्रतिनिधि मण्डलको द्विपक्षीय बैठक तय भएको छ। असार १५ गतेको अन्तिम



कार्यक्रम स्पेनका नरेशद्वारा राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरुको स्वागतमा आयोजना गरिने रात्री भोज रहेको छ।

भ्रमणको तेस्रो दिन असार १६ गते बिहान उद्घाटन सत्रमा सहभागि हुने, अपरान्ह गेट्स फाउण्डेशनद्वारा आयोजना गरिएको विकास सहयोगको भविष्यका लागि स्वतन्त्र आयोगको घोषणा कार्यक्रममा सम्बोधन गर्ने, दिउँसो १ बजे मित्रराष्ट्र स्तोनियाका राष्ट्रपति अलार कारिससँग द्विपक्षीय बैठक हुनेछ। दिउँसो ३ देखि ४ बजेको बीचमा नेपालका प्रधानमन्त्री एवं अल्प विकसित राष्ट्रहरु (एलडिसी)को अध्यक्षको हैसियतमा प्रधानमन्त्री ओलीले सम्मेलनलाई सम्बोधन गर्नेछन्।

अपरान्ह ४ देखि सवा ५ को बीचमा इजिप्टका प्रधानमन्त्री डा.मोस्तफा कमाल माडबुलीसँग द्विपक्षीय बैठक, पोर्चुगलका प्रधानमन्त्री महामहिम लुइ मोन्टेनेग्रोसँगको द्विपक्षीय बैठक, संयुक्त राष्ट्रसंघ महासचिव एन्टोनियो गुटरेससँग बैठक हुनेछ।

तेस्रो दिनको अन्तिम कार्यक्रम स्पेन सरकारका अध्यक्ष (प्रधानमन्त्री) द्वारा दिइने औपचारिक रात्री भोज रहेको छ। चौथो दिन (असार १७ गते) अल्पविकसित मुलुकहरुको उच्चस्तरीय बैठकको अध्यक्षतासहित उद्घाटन, स्पेन सरकारका अध्यक्ष महामहिम पेद्रो साञ्चेजद्वारा आयोजना गरिने वैश्विक ऐक्यवद्धतामा लगानी: विकास सहयोगको नयाँ दृष्टिकोण शीर्षकको उच्चस्तरीय साइड-इभेन्टमा सम्बोधन गर्ने कार्यक्रम छ।

अपरान्ह साढे १२ बजेपछि नेपाल सरकार, बंगलादेश, लाओ र संयुक्त राष्ट्रसंघ आवासीय संयोजक (युएनआरसी)को संयुक्त आयोजनामा हुने अल्पविकसित देशबाट दिगो स्तरोन्नतिको लागि सशक्त सहनशीलता तथा जलवायु वित्तिय व्यवस्था (इम्पाओरिङ रेजिलेन्स, क्लाइमेट स्मार्ट फानान्सिङ फर सस्टेनेवल एलडिसी ग्राजुएशन) उच्चस्तरीय साइड-इभेन्टलाई सम्बोधन गर्ने कार्यक्रम छ। अपरान्हमा नै नेपाल र बुरुण्डीद्वारा सहआयोजना गरिने राष्ट्रप्रमुख/सरकार प्रमुखहरुको पहलमा पानी तथा सरसफाइ वित्तीय स्रोतको प्रवाह शीर्षकको इभेन्टमा सम्बोधन गर्ने कार्यक्रम छ। दिउँसो ३ बजे थिम आधारित राउण्ड टेबल (अन्तर्राष्ट्रिय विकास सहयोगको पुनर्जीवन) मा सम्बोधन गर्ने कार्यक्रम छ भने साँझ ८ बजे स्पेनका लागि नेपाली राजदूतले आयोजना गर्ने रात्री भोजमा सहभागि हुने कार्यतालिका रहेको छ।

असार १८ गते सेभियाबाट म्याड्रिड फर्किने कार्यक्रम छ। म्याड्रिड पुगेसँगै साँझ ५ बजेबाट शुरु हुने नेपाल-स्पेन विजनेश तथा लगानी प्रवर्द्धन साँझ नामक कार्यक्रममा प्रतिष्ठित व्यावसायिहरुलाई सम्बोधनको कार्यक्रम छ। नेपालमा लगानी गर्न आह्वान गर्ने प्रधानमन्त्री ओलीले संसदमा जानकारी गराउने क्रममा रहेको छ।

असार १९ गते स्वदेश फर्किनुअघि रियल म्याड्रिड फुटवल क्लवका अधिकारीहरुसँगको भेटघाट र साण्टियागो वर्नावाउ रंगशालाको अवलोकन गर्ने कार्यक्रम रहेको छ। अन्तिम कार्यक्रमको रुपमा स्पेनमा रहेका नेपाली समुदायसँगको भेटघाट राखिएको जनाइएको छ। असार २० गते दिउँसो पौने ५ बजे काठमाडौंमा अवतरण गर्ने कार्य तालिका छ।

# एसईई प्रदेशमा : जिल्लामा शिक्षा समन्वय इकाइ राख्ने सहमति

**काठमाडौं/मस**-अब माध्यमिक शिक्षा परीक्षा (एसईई) प्रदेस्तरबाटै सञ्चालन हुने भएको छ। शनिबार सिंहदरबमा बसेको प्रतिनिधि सभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकले विद्यालय शिक्षा विधेयकमा एसईई यथावत् राख्दै प्रदेशस्तरबाट सञ्चालन गर्ने सहमति जुटाएको हो।



संसदीय उपसमितिले विद्यालय शिक्षा विधेयकमा माध्यमिक शिक्षा परिक्षा नराख्नेगरी प्रतिवेदन बुझाएको भएपनि शनिवारको समितिको बैठकले यस्तो सहमति जुटाएको हो। सरकारको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले सरकारको तर्फबाट यस्तो प्रस्ताव अघि सारेका थिए। मन्त्री पन्तले कुनैपनि तहले कुनै न कुनै परीक्षा लिइरहेकै कारण संविधानको भावनाअनुरुप एसईई सञ्चालनको जिम्मेवारी प्रदेश सरकारलाई सुम्पिनुपर्ने प्रस्ताव राखे। उनले विद्यालय शिक्षाको गुणस्तर उकास्नका लागि पनि एसईई परीक्षा प्रदेशस्तरलाई सञ्चालन दिनुपर्ने बताए।

उक्त विधेयक पारित भएपछि एसईई परीक्षा राष्ट्रिय बोर्डको समन्वयमा प्रदेश सरकारको जिम्मेवारीमा सञ्चालन हुने व्यवस्था लागू गर्ने सहमित भएको हो। शनिबारको समितिको बैठकले जिल्लामा शिक्षा समन्वय इकाई राख्ने पनि सहमति गरेको छ। संविधानको मर्मविपरित नजानेगरी जिल्लामा शिक्षा समन्वय ईकाइ राख्ने समिति सभापति अम्मरबहदुर थापाले राख्नुभएको प्रस्तावमा सांसदहरुले टेबल बजाएर सहमति जनाए। विद्यालय शिक्षा विधेयकलाई समितिले पारित गरेपछि संसदमा पठाउनेछ। संसदबाट पारित भएपछि सहमति भएको व्यवस्थाहरु कार्यान्वयनमा जानेछन्। विधेयकलाई अन्तिम रुप दिनेगरी समितिको अर्को बैठक आइतबारका लागि बोलाइएको छ।

# असारे विकास
# बजेट सक्न चटारो

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १४ असार

आर्थिक वर्ष ०८१/८२ सकिन अब केही दिन मात्रै बाँकी रहँदा रौतहट जिल्लाका सबै स्थानीय तहमा विकास बजेट सक्न चटारो सुरू भएको छ।

लामो समयसम्म काम नगर्ने अनि अन्तिम समयमा हतार-हतार बजेट सक्ने सरकारी प्रवृत्तिको पुनरावृत्ति भइरहेको देखिएको छ।

यस वर्ष अधिकांश नगरपालिकाहरूले सडक ढलानलाई प्राथमिकतामा राखेका छन्। नगरपालिकाहरूले आफ्ना प्रत्येक वडामा ५० लाखदेखि ९० लाख रुपैयाँसम्मको बजेट बाँडफाँट गरेका छन्। सोही बजेटबाट वडाध्यक्षहरूले भित्री सडक, पीसीसी ढलान र कालोपत्रे गर्ने काम धमाधम सुरु गरेका छन्। हतारमा उपभोक्ता समिति गठन गर्दै समितिमा आफन्त र नजिकका व्यक्तिहरूलाई राख्ने प्रवृत्ति बढेको देखिन्छ। साथै, धेरै नगरपालिकामा प्रमुख र उपप्रमुखबीचको विवादले पनि काममा प्रभाव पारेको छ।

कतिपय पालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूले ५०-५० प्रतिशत कमिसनको आधारमा गैरसरकारी संघ-संस्थामार्फत महिला हिंसा न्यूनीकरण, बालविवाह रोकथाम, क्षमता अभिवृद्धिजस्ता कार्यक्रम कागजमै सम्पन्न गरिरहेको आरोप लागेका छन्।

'नगर परिषद ढिला भएपछि समयमा काम सुरू हुन सकेन,' एक स्थानीय जनप्रतिनिधिले भने, 'हाल स्थानीय तह, सडक डिभिजन, सहरी विकास तथा मधेश प्रदेशका योजनाहरू धमाधम कार्यान्वयन भइरहेका छन्।'

रौतहट जिल्लाका १६ नगरपालिका र २ गाउँपालिकामा स्थानीय तहबाहेक सहरी विकास, सडक विभाग र प्रदेश सरकारका सयभन्दा बढी योजनाहरू ठेक्कामार्फत सञ्चालनमा छन्। तर, बजेट सक्ने हतारमा कामको गुणस्तरमा सम्झौता हुनसक्ने विज्ञहरूको चेतावनी छ।

'विकास निर्माणको कामको अधिकांश समय कागजी प्रक्रिया र ढिलासुस्तीमै बित्छ,' एक स्थानीय बुद्धिजीवीले भने, 'समयमै सुरू नभएका कामहरू गुणस्तरीय हुन सक्दैनन्।'

# राष्ट्रिय धान दिवस मनाइँदै
# देशभर १७.२ प्रतिशत रोपाइँ



**काठमाडौं/मस**-आज असार १५, यसवर्ष 'धान बालीमा सघनता: खाद्यसुरक्षा र आत्मनिर्भरता' भन्ने नारासहित २२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइँदैछ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आयोजनामा धान रोपाइँलगायत विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको हो। सरकारले २०६१ साल देखि नै हरेक वर्ष धान दिवस मनाउँदै आएको छ।

'जलवायु परिवर्तनको कारण विश्वव्यापी रुपमा बढ्दो नकरात्मक असरलाई न्यूनिकरण गदै धान वालीमा जलवायु अनुकूलित प्रविधिहरुको अनुसन्धान र विकास एवं उपलब्ध प्रविधिहरुको प्रचार प्रसार गरी तिनको अवलम्बन गर्न कृषक र अन्य सम्बद्ध पक्षहरु सचेत र जागरुक बनाई सघन धान खेतीमार्फत उत्पादन एवं उत्पादकत्व बढाउनु पर्ने र देशलाई खाद्यान्नमा आत्मनिर्भर र खाद्य सुरक्षित हुने दिशामा काम गर्न अभिप्रेरित गर्नु यस वर्षको नाराको सन्देश रहेको छ,'मन्त्रालयले जनाएको छ।

मन्त्रालयको तथ्यांक अनुसार वर्षे र चैते दुबै गरी नेपालमा कूल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ। चालु आ.व. २०८१/८२ मा नेपालमा कुल ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन धान उत्पादन भएको र औषत उत्पादकत्व ४.१९ मेट्रिक टन प्रति हेक्टर रहेको थियो। गत आ.व. २०८०/८१ को तुलनामा १.२८ प्रतिशत कम क्षेत्रफलमा धान रोपाइँ भए पनि हालसम्मको उच्चतम औषत उत्पादकत्व हासिल हुँदा कूल उत्पादनमा पनि गत आ.व. भन्दा ४.०४ प्रतिशतले बढ़ोत्तरी भएको थियो।

**देशभर धमाधम रोपाइँ जारी**

समयमै मनसुन सुरु भएपनि यस पटक धान रोपाइँ देशभर १७ दशमलव दुई प्रतिशत क्षेत्रमा मात्रै भएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यही असार १४ गतेसम्म सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी अर्थात् ४० प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ। कर्णाली प्रदेशमा २३ दशमलव नौ प्रतिशतमा धान रोपाइँ सम्पन्न भएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार, धानको भण्डारको रुपमा परिचित मधेश प्रदेशमा भने सबैभन्दा कम अर्थात् आठ दशमलव दुई प्रतिशत मात्रै धान रोपाइँ भएको छ।

यसैगरी कोशी प्रदेशमा १३ दशमलव सात प्रतिशत, वाग्मतीमा १९ दशमलव छ प्रतिशत, लुम्बिनीमा १८ दशमलव पाँच प्रतिशत धान रोपाइँ भएको छ। त्यस्तै, गण्डकी प्रदेशमा १२ दशमलव चार प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ।

सरकारले धान उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ सहज रुपमा रासायनिक मल उपलब्ध गराउने र उन्नत बीउको प्रबन्ध गरेको छ। सयममै मनसुन समेत सुरु भएकाले यस बर्ष उल्लेख्य रुपमा धान खेती हुने अपेक्षा गरिएको छ।

# नेपाल मगर संघ कतारको १६औं महाधिवेशन सम्पन्न, नेतृत्वमा समीर सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १४ असार

नेपाल मगर संघ, शाखा कतार (केन्द्रीय समिति) को १६औं महाधिवेशन तथा २५औं वार्षिकोत्सव कार्यक्रम शुक्रबार सम्पन्न भएको छ। खुल्ला र बन्द गरी दुई चरणमा सम्पन्न महाधिवेशनको बन्द सत्रबाट तनहुँ जिल्ला रिसिङ गाउँपालिका वडा न ७ निवासी समीर थापा मगरको अध्यक्षतामा आगामी एक कार्यकालका नयाँ कार्यसमिति सर्वसहमतिमा चयन भएको छ।

समितिको प्रथम उपाध्यक्षमा देवी कुमारी मगर, द्वितीय उपाध्यक्षमा रबिना मगर, महासचिव पाण्डप थापा मगर, उपमहासचिव दीपक एक्चाइ मगर, सचिव मन प्रसाद राना मगर, संगठन सचिव दुर्गा दर्लामी मगर, कोषाध्यक्ष ओम थापा मगर, सह कोषाध्यक्ष तुषार पुन मगर, महिला संयोजक सीता राना मगर, सांस्कृतिक संयोजक दान आले मगर, भाषा तथा लिपि संयोजक दिल रोका मगर रहेका छन्।

समितिका सदस्यहरूमा चेत बलम्पाकी मगर, दिल माया राना मगर, नारायण खपाङ्गी मगर, सन्दीप दर्लामी मगर, हुम बहादुर थापा मगर, मान बहादुर घर्ती मगर, राज आले मगर, सन्तोष राना मगर र विनीता थापा मगर रहेका छन्। निर्वाचन समितिका संयोजक विवेक पुलामी मगरले नवनिर्वाचित पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।



खुल्ला सत्र सफल बनाउन संघले आमन्त्रण गरेका र शुभकामना मन्तव्यका लागि पोडियम उपलब्ध गराएसँगै बोल्ने वक्ताहरूले एनआरएनए एनसीसीप्रति सद्भाव सहित कटाक्ष गर्दै आफ्नो पक्षमा भोट समेत मागे। आयोजकले खुल्ला सत्रलाई मनोरञ्जन पूर्ण बनाउन सागीतीक प्रस्तुतिहरू जोडी रहेपनि वक्ताहरूले भाषण न छोटाउन नै सके न एनसीसीप्रति कटाक्ष गर्न नै कम गरे। आफूले आफ्ना भाषणमा प्रश्न गर्ने तर जवाफ नसुनी कुलेलाम ठोक्ने रोग यहाँपनि देखियो।

कयौं वक्ताले उठाएका सवालको जवाफ संस्थागत रूपमा एनसिसि कतारको तर्फबाट राख्न प्रथम उपाध्यक्ष कृष्ण पन्थी पोडियममा पुगे। उनी त्यहाँ पुग्दा सामाजिक व्यक्तित्व तथा एनआरएनएका संस्थापक सागर नेपाल बाहेक ड्यासमा कार्यक्रमका प्रमुख अतिथि नेपाली राजदूतावासका प्रथम सचिव कृष्ण कुमार सुवेदी, नेपाली महिला समाज कतारकी अध्यक्ष माया केसी, लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष साजन लौडारी र कार्यक्रमका सभाध्यक्ष रेसम आले मगर सहित आयोजक संघका उच्च पदाधिकारी मात्र आसिन थिए।

प्रथम उपाध्यक्ष पन्थीले आफ्ना धारणा राखेर बाहिरिनेहरूप्रति लक्षित गर्दै केही कटाक्ष गरे पनि एनसीसी कतारको तेस्रो परिषद् भेला एनआरएनए अभियानका अग्रजकै अनुरोधमा रोकिएको बताए। उनले आफैले निर्माण गरेको कार्यसमितिलाई असफल बनाउन अग्रज लागिपरेको बताउँदै कार्यसमिति एकै ठाउँमा हुँदा पनि परिषद् भेला आयोजना गर्न सकस बनिरहेको बताए। कार्यसमिति भन्दा बाहिर रहेका दुई जनालाई एमआइएस प्रणालीमा समाहित गर्दै ढोकाबाट छिर्नुपर्ने मान्छे झ्यालबाट छिराएर एनसीसीलाई विखण्डन तिर अग्रजले धकेलेको र त्यसलाई रोक्न आफूहरू लागेको बताए।

उनले एनसीसी कतारले श्रमिकका लागि गरेको काम हेरेर पनि समाजलाई नफुटाउन आग्रह गरे। आफ्नो शुभकामना मन्तव्य राख्दै एनआरएनए अभियन्ता सागर नेपालले सन् १९९७ बाट समाजमा लागेर समाजको स्थापन गर्नु आफूले पाप गरेको जस्तो महसुस भएको बताए।

समाज मिलोस् भन्नु भन्दा आफूसँग कुनै स्वार्थ नभएको स्पष्ट पार्दै गत महिनाको २३ मे मा रोकिएको परिषद् भेलाका दिनमा माइन्युटमा हस्ताक्षर गरेका सबैले जिम्मेवारी लिँदै एनसीसीलाइ मृत्यु शय्यामा नपुऱ्याउन आग्रह गरे।

यता नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठले एनसीसीमा फुट आएर दुई वटा बनेमा महासंघले कुनै पनि एनसीसीसँग संस्थागत सहकार्य नगर्ने धारणा राखे। संघका महासचिव समीर थापा मगरले सहजीकरण गरेको कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि सुवेदीले नेपालको राजनीति कतारको एनसीसीमा नगर्नु आग्रह गर्दै एनआरएनए प्रवासी नेपालीहरूको आँगन रहेको हुँदा एनसीसी टुक्राउने कसैलाई पनि समर्थन र भोट नदिन कतारसहित विश्वभरका नेपालीलाई आग्रह गरे।

उनले आइसीसीको लडाइँमा एनसीसीलाई नमुछ्न आग्रह गरे। मगरहरूको संस्कार अनुसार सभापति, प्रमुख अतिथि,एनसीसी कतारका प्रथम उपाध्यक्ष कृष्ण पन्थी, आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठ,सांस्कृतिक वाङ राजा लगायत संघका विशिष्ट व्यक्तित्वहरुलाई फेटाद्वारा सम्मान गरिएको थियो।

संघको प्रथम उपाध्यक्ष देवी कुमारी मगरको स्वागत मन्तव्य रहेको कार्यक्रमका बारेमा उपाध्यक्ष कुमार राहादी मगरले प्रष्ट पारेका थिए। समाजले कलाकारहरू, आदिवासी जनजाति महासंघमा आबद्ध रहेका मातृ संस्थासहित सहयोगी संस्थाहरू, पत्रकार विशिष्ट व्यक्तित्वहरूसहित प्रमुख अतिथिलाई मायाको चिनो दोसल्ला र सम्मान पत्रद्वारासहित सम्मान गरिएको थियो।

# सरकारले दिनुपर्ने सेवा मारवाडी समाजले गर्दै आएको छ : चन्द्र भण्डारी




**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १४ असार

प्रतिनिधि सभा सदस्य चन्द्र भण्डारीले नेपाल सरकारले नागरिकहरूलाई दिनुपर्ने सेवा मारवाडी समाजले गर्दै आएको बताएका छन्।

मारवाडी सेवा समिति नेपाल अन्तर्गत रहेको पशुपति गौशाला धर्मशालाद्वारा आयोजना गरेको नि:शुल्क रुपमा कृत्रिम खुट्टा वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

विभिन्न कारणबस खुट्टा गमाएका विभिन्न परिवारलाई कृत्रिम खुट्टा नि:शुल्क रूपमा उपलब्ध गराउनु, मिर्गौला पीडित बिरामीहरूलाई नि:शुल्क डायलासिस सेवा दिनु एकदमै सरानीय काम भएको बताएका थिए। गौशाला धर्मशालामा संरक्षित गाईहरुलाई आमाको संज्ञा दिँदै उनले भने, 'गाईको सेवा गर्नु भनेको आमाको सेवा गरे बराबर हो।' मारवाडी सेवा समितिले मानवीय सेवामा धेरै ठूलो योगदान गर्दै आएको बताउँदै उनले यस्ता किसिमका सेवा कार्यलाई निरन्तरता दिन सुझाव दिएका थिए।

पशुपति गौशाला धर्मशालाका अध्यक्ष रमेश तापडियाको अध्यक्षतामा शनिबार गौशाला धर्मशालामा विभिन्न कारणवस खुट्टा गुमाएका पाँचजना अपाङ्ग व्यक्तिहरूलाई सातवटा कृत्रिम खुट्टाहरू नि:शुल्क रुपमा वितरण गरिएको थियो।

समितिले प्रकाश नेपाली र राजन श्रेष्ठको दुवै खुट्टाको घुँडा तल, मिना राईको बाँया खुट्टा घुँडा तल, अंतिमा कुमारी यादवको बाँया खुट्टा घुँडा माथीको नि:शुल्क रूपमा कृत्रिम खुट्टा प्रदान गरिएको थियो।

त्यस्तै यादव तोलाङ्गको दाँया खुट्टा घुँडा तल पैताला बदली मर्मत गरी नि:शुल्क रुपमा कृत्रिम खुट्टा प्रदान गरिएको थियो।

नेपाल राष्ट्रिय मारवाडी महिला संगठनका अध्यक्ष निर्मला जोशी र समाजसेवी तथा उद्योग व्यवसायी वेणीगोपाल मुण्धडाको विशेष आतिथ्यता भएको कार्यक्रममा मारवाडी सेवा समिति नेपालका निवर्तमान अध्यक्ष कैलाशचन्द्र गोयल, उपाध्यक्ष पवनकुमार अग्रवाल, गौशाला धर्मशालाका कोषाध्यक्ष आनन्दकुमार अग्रवाल, सह-कोषाध्यक्ष सिए दिपककुमार अग्रवाल, कार्यसमिति सदस्य एवं कृत्रिम खुट्टा कार्यशालाका सह-संयोजक विनोद गोयल लगायतको सहभागी रहेको थियो।

मारवाडी सेवा समिति नेपालका अध्यक्ष प्रमोदकुमार अग्रवाल(चौधरी) को स्वागत मन्तव्यबाट सुरू भएको कार्यक्रमको सहजीकरण गौशाला धर्मशालाका महासचिव राजेशकुमार अग्रवालले गरेका थिए।

मध्यान्ह
www.madhyanhadaily.com

१५ असार २०८२ आइतबार
29 June 2025, Sunday

## सम्पादकीय

# विद्याको अतिरिक्त सक्रियता

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा एमालेको सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेकी छन् । तत्कालीन महासचिव मदन भण्डारीको जन्मजयन्तीको अवसरमा शनिबार राजधानीमा आयोजित एक कार्यक्रम मार्फत भण्डारीले एमालेको राजनीतिमा फर्किएको घोषणा गरेकी हुन् । एमालेमै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने उद्देश्यका साथ आफूले पार्टी सदस्यता नवीकरण गरेको जानकारी दिँदै यसलाई एउटा गर्वको रूपमा लिएको बताएकी छन् । प्रत्येक नेपाली नागरिकलाई राजनीति गर्ने स्वतन्त्रता छ । जसको प्रयोग गरेरै भण्डारी राजनीतिमा स्थापित नेतृ हुन् । भण्डारीले पहिलो महिला राष्ट्रपति बनेर इतिहास रचिन् । राष्ट्रप्रमुख जस्तो संवैधानिक पदमा रहेर दुई कार्यकाल काम गरिन् ।

भण्डारी राजनीतिमा फर्कने घोषणालाई लिएर समाज विभाजित छ । एकथरी मत छ– राजनीतिक पृष्ठभूमिबाटै राष्ट्रपति भएकी भण्डारीले राजनीतिक आस्था राख्नु नौलो कुरा भएन । अर्कोथरी मत छ– पार्टी नेतृत्व र देशकै कार्यकारी जिम्मेवारी लिने तयारी सहित भण्डारीले अगाडि बढ्ने संकेत गर्नु अतिरिक्त सक्रियता हो ।

विभाजित समाजलाई प्रष्ट सन्देश दिनेगरी भण्डारीले मुलुककै नेतृत्वका लागि आफू सक्षम रहेको भनेर समेत प्रष्ट्याउने प्रयास गरेकी छन् । नेपाली समाजको समस्या पहिचान गरेर सुधारको सुझाव दिनु प्रत्येक सचेत नागरिकको कर्तव्य हो । यो कर्तव्य निर्वाहको हदसम्म भण्डारीको सक्रियता स्वागतयोग्य छ । तर राष्ट्राध्यक्ष भइसकेको व्यक्ति जीत–हारको राजनीतिमा आउँदा भावी पुस्तामा सही सन्देश नरहन पनि सक्छ । नेपालले अवलम्बन गरेको जुन शासन पद्धति र अभ्यास छ, यसले पूर्व राष्ट्रप्रमुख हार–जीतको राजनीतिमा आउने परिकल्पना गर्दैन । किनभने त्यो पदमा पुगेको व्यक्तिले निष्पक्षतापूर्वक सोच्ने र पक्ष/विपक्षमा आफूलाई समाजमा प्रस्तुत नगर्ने अपेक्षा गर्दछ । राष्ट्राध्यक्ष भइसकेको व्यक्ति जीत–हारको राजनीतिमा आउने कल्पना गरेको भए, फर्किदा सेवा सुविधादेखि अन्य प्रावधान के हुने भनेर संविधान र कानुनमा लेखिन्थ्यो, जो लेखिएको छैन । संसदीय व्यवस्था अवलम्बन गरेको मुलुकहरूमा पनि राष्ट्राध्यक्ष भइसकेको व्यक्ति पार्टी अध्यक्ष हुने राष्ट्रको कार्यकारी पदमा रहने अभ्यास र प्रचलन छैन ।

संवैधानिक सर्वोच्चतामा पुगिसकेको व्यक्तिले राष्ट्रिय दृष्टिकोण कायम गर्न भूमिका खेल्न सक्नुपर्छ । या त राजनीति गर्ने व्यक्ति राष्ट्रपति हुँदैनन् । यदि राष्ट्रपति हुन्छ भने उसले सम्मानको जिन्दगी रोज्नुपर्दछ । राष्ट्रिय विषयवस्तुमा राष्ट्रिय दृष्टिकोण कायम गर्न बोल्न सक्नुपर्दछ । राजनीति गर्नु हुँदैन भन्नुको तात्पर्य राष्ट्रिय विषयवस्तुमा योगदान गर्नु हुँदैन भनेको होइन । यसकारण एमालेको राजनीतिमै फर्किएको पूर्वराष्ट्रपति भण्डारीको घोषणा अतिरिक्त सक्रियता हो । यसबारे पुनर्विचार गर्नु स्वयम् भण्डारीको बाँकी जीवन र मुलुकका लागि सकारात्मक अर्थ राख्न सक्दछ ।

# मदन भण्डारीले देखाएको बाटो

*भण्डारीले कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिकरण, बहुदलवादको पक्षपोषण, जनताको सर्वोच्चताको उच्च सम्मान, जनवादी राज्यसत्ताको लोकतान्त्रिकरणमा जोड दिनुभएको थियो...*

अग्रलेख



● भरत देवकोटा




नेपाल आमाको गर्भबाट समय समयमा युग प्रवर्तक महान् व्यक्तिहरूको जन्म भएको छ । त्यस्ता महान् मानवहरू मध्ये नेपाली आमाका एक प्रभावशाली, होनहार योद्धा, बहुआयामिक, जनताका प्रियतम प्रखर वक्ता नेपाली धरातल सुहाउँदो राजनीतिक कल्पना शक्ति भएका, सृजनशीलताले निपुण व्यक्तिहरूको सूचिमा सबैभन्दा श्रेष्ठ स्थानमा रहेका व्यक्तिलाई नै हामी जननेता भन्ने गर्दछौँ । त्यस्तै प्रथम व्यक्ति हुन् जननेता मदन भण्डारी, जो बाबु देवीप्रसाद भण्डारी र आमा चन्द्रकुमारी भण्डारीका कोखबाट वि.सं. २००९ साल असार १४ गते ताप्लेजुङ जिल्लाको साबिकको ढुङ्गेसाँगु गा.वि.स.मा जन्मेका थिए । उनीले टुडिबोटे हिउँदे स्कुल र ठोट्ने प्राथमिक विद्यालय बरडाँडा ताप्लेजुङबाट आफ्नो औपचारिक शिक्षा सुरु गरी नि.मा.वि.भने तेम्बे मा.वि. ढुङ्गेसाँगुबाट पूरा गरे । भण्डारी मा.वि. स्तरको शिक्षा बालसुबोधनी संस्कृत माध्यमिक विद्यालय फुङलिङ्ग २ बाट पूरा गरेका थिए । सबैबिच फरक तथा मिलनको बिन्दु पहिचान गर्न सिपालु चञ्चल तर विलक्षण प्रतिभाका धनी जो थिए हामी तिनै व्यक्तिलाई जननेता मदन भण्डारी भनेर चिन्ने गर्दछौँ ।

जब नेपाली समाजमा जहानियाँ राणा शासनको समूल अन्त भई वि.सं. २००७ साल फागुन ७ गते प्रजातन्त्रको उदय भयो, त्यसको ठिक २ वर्षपछि यस धर्तीमा भण्डारीको पदार्पण भएको थियो । उहाँले आफ्नो जीवनमा नेपाली राजनीतिमा राजपरिवार र राजनेता भनाउँदाबाट जनतामाथि कति अत्याचार थियो भन्ने अनुभूति राम्रोसँग गर्नुभयो । आन्तरिकरूपमा भइरहेको शोषणको संरचना र बाह्यरूपमा विस्तारवाद र साम्राज्यवादबाट भइरहेको हस्तक्षेपबाट उहाँ राम्रोसँग परिचित हुनुभयो । उहाँ सबै खालका विभेद, असमानता र शोषण अन्त्य नगरी जनता अधिकार सम्पन्न नहुने निष्कर्षमा पुग्नुभयो । नेपाली राजनीतिमा भण्डारीलाई प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्रका पर्यायका रूपमा समेत चिन्दछौँ । किनकि उहाँ एक कोरा दर्शनका पक्षमा मात्रै होइन, जनता र जनताद्वारा जनताको लागि गरिने शासन व्यवस्थाको पक्षमा हुनुहुन्थ्यो । उहाँ लोककल्याणकारी अवधारणसहितको नयाँ जनवादी राज्यव्यवस्था पक्षमा हुनुहुन्थ्यो । नयाँ कम्युनिस्ट जनवादी सोचको खोजी गर्ने व्यक्तिको उहाँलाई लिन सकिन्छ ।

विशेषगरी २०२५/२६ पछिका विद्यार्थी राजनीति हुँदै झापा आन्दोलनलगायत २०३५ को मोरङको ईटहरा गाउँको भण्डारीकै घरमा नेकपा (माले)को घोषणा हुँदा उहाँ पार्टीको केन्द्रीय कमिटीमा आबद्ध हुनु भएको थियो । त्यसपछिका विभिन्न घटनाक्रमका साथै, २०३६ सालको जनमत संग्रहपछि मालेभित्रको नयाँ जनवादी सिद्धान्त अङ्गीकार गर्दै जनताको जनवादलाई अधिकतम लक्ष्य लिनुपर्छ र तत्कालीन कार्यनीति पञ्चायतलाई ढाल्ने किसिमको हुनुपर्छ अर्थात् वामपन्थी विरोधी शक्तिसँग मिलेरै भए पनि पञ्चायत ढाल्ने तर्फ लाग्नुभयो । उहाँले एकातिर पञ्चायतविरुद्ध र अर्कोतिर उग्र वामपन्थी धारका विरुद्ध आन्दोलन चलाउनुभएको थियो ।

वि.सं. २०३७ मा सशस्त्र सङ्घर्षभन्दा पार्टीले जनसंघर्षको कार्यनीतिलाई प्रधान बनाएर बहसको अगुवाइ चलाउनमा उहाँको मुख्य योगदान छ । जसले २०४१ मा मदन भण्डारी पोलिटब्युरोमा पुगेपछि २०४६ सालमा नेकपा माले बहुदलीय प्रतिस्पर्धाबाट अघि बढ्न सकिन्छ भन्ने निर्णयमा पुगेपछि चौथो महाधिवेशनले उहाँलाई नेतृत्वमा पुऱ्याएको पाइन्छ ।

जब नेकपा मालेको ५औँ महाधिवेशनबाट उहाँ महासचिवमा बन्नु भयो त्यसपछि उहाँको बौद्धिक, राजनीतिक, कार्यनीतिक विशिष्टता, आकर्षक व्यक्तित्व, सरल तथा उत्साही भाषा शैली र वाक प्रखरताको कारण उहाँलाई ह्वात्तै उचाइमा पुऱ्याएको पाउन सकिन्छ । प्रजातन्त्रको पुनर्स्थापनापछि वि.सं. २०४७ मा नेपाल अधिराज्यको संविधान बन्दा मालेको तर्फबाट विभिन्न २७ बटा बुँदासहितको आलोचनात्मक समर्थन सार्वजनिक रूपमा प्रस्तुत गर्दै समाधानका उपायहरू पनि पेस गर्नुभएको थियो । जुन वि.सं. २०६२-०६३ को आन्दोलनपछि हालसम्म पनि अत्यन्तै सान्दर्भिक छन् ।

उहाँले जनता र जनताद्वारा निर्वाचित प्रतिनिधिद्वारा सार्वभौमसत्ताको प्रयोग हुनेछ भन्नुहुन्थ्यो, अन्यथा सार्वभौमसत्ताको अधिकार घुमाउरो ढंगबाट राजाको हातमा पुग्छ भनी विचार प्रस्तुत गर्नुभएको थियो । सो कुराको पुस्ट्याइँ वि.सं. २०५९ असोज १८ गते राजा ज्ञानेन्द्र शाहले आफूमा निहित सार्वभौमसत्ताको दुरुपयोग गरे जसले गर्दा भण्डारीलाई दूरदर्शी नेता साबित गरायो । यस अर्थले पनि उहाँ आम जनताको माझ दूरगामी र दूरदर्शी नेता स्थापित गरायो ।

जननेता भण्डारीले २०४९ सालमा 'जनताको बहुदलीय जनवाद' सिद्धान्त ल्याउनु भएको थियो । विश्व कम्युनिस्ट आन्दोलनमा शान्तिपूर्ण परिवर्तनको अभ्यास नभएको सन्दर्भमा भण्डारीले समाधान देखाउनुभएको थियो । जुन नेपाली संस्करणको कम्युनिस्ट घोषणा पत्र पनि थियो । जसमा संविधानको सर्वोच्चता, बहुदलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, बहुदलीय प्रतिस्पर्धा प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष बहुदलीय पद्धतिको मूल तत्त्व थिए । जहाँ पुरानो व्यवस्थाका शोषणका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने, नयाँ उत्पादन सम्बन्धको आधारमा समाजका सबै क्षेत्रमा विकास गर्ने, समाजवादी व्यवस्थाको लागि भौतिक तथा सांस्कृतिक तयारी गर्ने जस्ता विशेषता थिए । 'जनताको बहुदलीय जनवाद'को सिद्धान्तमा विशेषगरी मिश्रित अर्थ प्रणाली, वैज्ञानिक तथा उन्नत कृषि प्रणाली, नेपालको उच्चतम हित संरक्षण हुने गरी व्यापार तथा पारवहन नीति, यातायात र सञ्चारलाई जनता र राष्ट्रको सेवामा केन्द्रित गर्ने, शिक्षालाई सर्वसुलभ बनाउने, स्वास्थ्य सेवालाई मौलिक अधिकारको रूपमा स्थापित गर्ने, विभिन्न खालका विभेद र असमानतालाई अन्त्य गर्ने जस्ता कुरा समेटिएका थिए ।

> *जननेता भण्डारीले २०४९ सालमा 'जनताको बहुदलीय जनवाद' सिद्धान्त ल्याउनु भएको थियो । विश्व कम्युनिस्ट आन्दोलनमा शान्तिपूर्ण परिवर्तनको अभ्यास नभएको सन्दर्भमा भण्डारीले जबजमार्फत समाधान देखाउनुभएको थियो । जुन नेपाली संस्करणको कम्युनिस्ट घोषणा पत्र पनि थियो...*

यसरी जननेता भण्डारीले कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिकरण, बहुदलवादको पक्षपोषण, जनताको सर्वोच्चताको उच्च सम्मान, जनवादी राज्यसत्ताको लोकतान्त्रिकरण गर्ने, बहुदलीय प्रतिस्पर्धाको ग्यारेन्टी जस्ता कुरालाई सैद्धान्तिकरुपमै प्रष्ट्याउनु भएको थियो । उहाँले जबजमा परिवर्तनको लागि अधिकतम प्रयत्न शान्तिपूर्ण हुने कुराको प्रतिबद्धतासहित समाजवादी वा जनवादी जे सुकै परिवर्तन भए पनि बहुदलीय प्रतिस्पर्धाको श्रेष्ठताका आधारमा हुनेछ भन्ने मान्यता पनि स्थापित गर्नुभयो ।

यसैआधारमा नेकपा (एमाले)ले वि.सं. २०५४ सालको महाधिवेशनमार्फत जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको मौलिक सिद्धान्तको रूपमा स्विकार्दै वि.सं. २०५९ सालको ७औँ महाधिवेशनले पार्टीको कार्यक्रम र सिद्धान्तको रूपमा पुष्टि गर्दै त्यसबाट निर्देशित हुने निर्णय गरेको थियो । त्यस्तै, बुटवलमा भएको ८ औँ महाधिवेशनबाट जबजको रक्षा प्रयोग र विकास गर्ने कुरा घोषणा गरेको थियो । तथापि, जबजप्रति अघात समर्पण हुनेहरू र स्वामित्व ग्रहण गर्न चाहनेहरूले यसलाई एक अकाट्य मेसिनरी वा सिद्धान्तको रूपमा मान्दछन्, भने आफूलाई सिद्धहस्त कम्युनिस्ट विद्वान भन्नेहरूले नयाँ बोतलमा पुरानै रक्सी भनी आलोचना गर्ने गरेका छन् । यद्यपि, यो एक गतिशील र समाज रूपान्तरणको मार्गदर्शक सिद्धान्त हो ।

कम्युनिस्ट पार्टीमा सबै नेतृत्वहरू सिद्धान्तकार हुँदैनन्, जस्तो कम्युनिस्टको पहिलो घोषणा पत्र लेख्ने कार्ल मार्क्स कम्युनिस्ट नेता थिएनन्, तर दार्शनिक हुन् । लेनिन दार्शनिक होइनन्, तर मार्क्सवादी सिद्धान्तका अनुयायी मात्रै नभएर प्रयोगकर्ता हुन् । त्यही मार्क्सवाद पढेर लेनिनको संगत गरेको भए पनि जोसेफ स्टालिन कम्युनिस्ट शासक नभएर अधिनायकवादी शासक भए । चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी)का अध्यक्ष माओत्सेतुङ्ग अनुदार मार्क्सवादी थिए । त्यस्तैगरी भिन्न नेता देङ स्याओ पिङ चिनियाँ आर्थिक क्रान्तिका नायक भए भने तत्कालीन माले/एमालेका अन्य नेताहरू महासचिव र अध्यक्ष भए, तर सिद्धान्तकार भएनन् । तथापि उहाँहरूका विभिन्न नाउँमा कम्युनिस्ट सटरहरू चलेकै छन् । मसालहरू, एकता केन्द्र, माओवादी हुँदै ए.माओवादी केन्द्रसम्मको यात्रामा पुष्पकमल दाहाल 'प्रचण्ड' महासचिव, अध्यक्ष हुँदै सुप्रिमोसमेत हुनु भयो । तर, सैद्धान्तिकरूपमा दीर्घकालीन रणनीतिक लक्ष्य विहीनता नै देखिनेछ भने कार्यनीति भन्दै अवसरवादको रसपान गरिरहनु भएको छ । यसरी हेर्दा, केही अपवाद बाहेकका विश्वका कम्युनिस्ट नेताहरूमा सत्ता बाहिर हुँदा जनवादी क्रान्ति, आदर्शवादी र सत्तासीन हुँदा शासक बन्दछन्, जसले कम्युनिस्टप्रति वितृष्णा नै पैदा गर्दै गएको पाइन्छ ।

मार्क्सवाद, लेनिनवाद, माओवाद वा अन्य जुनसुकै वाद भएता पनि हाम्रो नेपाली धरातल सुहाउँदो नभई रहेको सन्दर्भमा भण्डारीले 'जुत्ता सानो भयो भनेर खुट्टा काट्ने होइन, खुट्टा अनुसारको जुत्ता बनाउनु पर्छ' भन्ने सन्देश दिएर जानु भयो । भण्डारीले अरूको नक्कल गरेर हुँदैन भन्दै हाम्रो समाजका जनताको मूल्य मान्यतालाई सिद्धान्तमा रूपान्तरण गर्नुपर्छ भन्ने सन्देश दिनुभयो । उहाँले संघर्षको समयमा आश्रय दिने जनता, आमा बुवा, दाजुभाइ, दिदीबहिनीको मन दुखाउन हुँदैन र उहाँहरूले पुज्ने ठाउँ र दिशातिर खुट्टा नफर्काउनु र अपमानपूर्ण व्यवहार नगर्नु भन्नु हुन्थ्यो ।

देशलाई अर्धसामन्ती, अर्ध उपनिवेश र दासताबाट मुक्त गर्न सकिन्छ भन्ने मान्यतालाई लागू गर्नुपर्छ भन्ने धारणले गर्दा जबज नेपाली क्रान्तिको मौलिक सिद्धान्त बन्न पुगेको हो । प्रस्ट वैचारिक दृष्टिकोणसाथ समग्र जनताको विचारधारालाई आफ्नो सिद्धान्तमा रूपान्तरण गरी देश र समाजको आवश्यकताअनुरूप मौलिक राजनीतिक सैद्धान्तिक मोडालिटी विकास गर्नु भएको कारण भण्डारीलाई जननेता भनिन थालिएको हो । उहाँ नेपाली समाजको पूर्णरूपले रूपान्तरण गर्ने सोच बिचार र धरातलीय यथार्थतामा आधारित बहुआयामिक सृजनशील र उत्कृष्ट व्यक्तित्वको कारण उहाँलाई विभिन्न अन्तर्राष्ट्रिय व्यक्ति र पत्रपत्रिकाहरूले समेत 'नेपाली कार्ल मार्क्स' समेत भन्न चुकेनन् । वि.सं. २०४८ को चुनावमा काठमाडौं क्षेत्र नम्बर १ र ५ बाट निर्वाचित भएपश्चात् छापिएको अन्तरवार्ता अझै चर्चित छ र अमेरिकाको न्युज विक पत्रिकाले 'ईन नेपाल, कार्ल मार्क्स लिभ्स' भन्ने संज्ञा दिएको थियो ।


उहाँले राजधानीको सभालाई सम्बोधन गर्दा राजालाई 'महाराज आँखा नचम्काई बक्सियोस्, हात नलम्काई बक्सियोस्, राजनीति गर्ने रहर छ भने श्रीपेच फुकालेर मैदानमा आए हुन्छ, मदन भण्डारी चुनाव लड्न तयार छ' भन्नुभएको थियो । उहाँका यस्ता शब्दावलीका साथ भाषण गर्दा मानिसहरू धमाधम उहाँका मित्र बन्न थाले । उहाँका भाषण दीर्घकालीन महत्वको प्रभाव पैदा गर्ने खालका हुने गर्दथे । जसका कारण सबै खाले मानिसहरू पत्रकार, बुद्धिजीवी, कर्मचारीहरू र पक्ष विपक्षहरू साथै देशी विदेशीहरूले उत्साहका साथ सुनेर अनुयायी हुन्थे र उहाँ उपस्थित सभा सम्मेलनमा महासागर उर्लने गर्दथ्यो । उहाँको भाषण कला, मिठासपूर्ण र अनुप्रासयुक्त ठेट भाषा शैली, कठोर राजनीतिक शब्दावली, चर्को भाषणमा शालीन र सौम्य हुने हुनाले भाषणको जादु र मानिस जम्मा गर्ने मास नेता पनि हुनु हुन्थ्यो । उहाँले जनतालाई, आफ्ना सहयात्री र समकक्षीहरूलाई आफ्नो सहारा र प्राण ठान्नु हुन्थ्यो । तर, पनि मिति २०५० साल ज्येष्ठ ३ गते चितवनको दास ढुंगामा दुर्घटनामा परी उहाँको असामयिक निधन भयो । जुन घटना हालसम्म पनि रहस्यमै छ ।

विशेषगरी हामी सबै युवाहरूले उहाँलाई नेपाली लोकतान्त्रिक कम्युनिस्ट क्रान्तिका नायक नेतृत्वकारी विचारक, समकालीन अन्तर्राष्ट्रिय बाम आन्दोलनको नविनतम् संघीय लोकतान्त्रिक गणतन्त्रका परिकल्पनाकारको रूपमा चिन्दछौं । भण्डारीले जननिर्वाचित प्रतिनिधिमूलक शासन व्यवस्थालाई जुन महत्वका साथ अगाडी सर्नुभयो अहिले सबै कम्युनिस्टहरूले बहुदलीय प्रतिस्पर्धासहितको जनवादकै पक्षपोषण गर्नु र त्यही अभ्यासलाई राज्य शक्ति प्राप्तिको साधन र साध्य मान्दै दक्षिणपन्थी र बुर्जुवा उदारवादका हिमायतीहरू समेत अन्तमा लोककल्याणकारी गणतन्त्रात्मक समाजवादको पक्षमा देखिनु, उग्र वामपन्थी भड्काव शक्तिलाई लोकतान्त्रिक मार्गमा समाहित हुनुले उहाँले प्रतिपादन गर्नु भएको सिद्धान्तको सत्यता र सान्दर्भिकताको पुष्टि हुन्छ ।

***(देवकोटा दुग्ध विकास संस्थानमा कार्यरत छन् ।)***

## इतिहासमा आज

२९ जुन १९९५ मा अन्तरिक्ष यान कार्यक्रम एसटिसी-७१ मिसन (एटलान्टिस) पहिलो पटक रूसी अन्तरिक्ष स्टेशन मिरसँग 'डक' गऱ्यो ।



२९ जुन १९९५ मा दक्षिण कोरियाको सियोलको सिओचोमा रहेको साम्पुङ डिपार्टमेन्ट स्टोर भत्किँदा ५०२ जनाको मृत्यु भएको थियो भने ९३७ जना घाइते भएका थिए ।



२९ जुन २००२ मा दक्षिण कोरिया र उत्तर कोरियाबीचको नौसेना झडपमा ६ जना दक्षिण कोरियाली नाविकको मृत्यु भएको थियो, जसमा उत्तर कोरियाली जहाज डुबेको थियो ।



२९ जुन २००७ मा एप्पल इंकले आफ्नो पहिलो मोबाइल फोन, आईफोन जारी गरेको थियो ।



## सामाजिक सञ्जाल



**धर्मेन्द्र जोशी**

पार्टी सभापतिविरुद्ध चलिरहेको सामान्य न्यायिक प्रक्रियाविरुद्ध रास्वपाले चलाइरहेको राजनीतिक प्रतिशोध अभियान अदालतको मानहानि, अतिवादी र अराजक छ । नयाँ वा पुराना जोसुकै राजनीतिकर्मी होऊन, कानुन र न्यायिक प्रक्रिया भन्दा माथि हुन सक्दैनन् । यो अभियानले कानुनी शासनको मानमर्दन गरेको छ ।

बरु नेपालमा सत्ता तालमेलको साँचो कता छ भनेर साधारण जनताले सजिलै थाहा पाउँछन् । तर, हरेक साल जेठ-असारमा मल र कृषि मन्त्री किन एकसाथ बेपत्ता हुन्छन् ? कसैले थाहा नपाउने भो । राजनीतिमा घेराबन्दी तोड्ने कुरा गरेको धेरै भो सुनेको तर मलको घेराबन्दी तोड्ने कुनै बहादुर नेता निस्केन । लौ न कोही छ !



**गोकुल बाँस्कोटा**



**वसन्त घिमिरे**

हस्ताक्षरभन्दा रास्वपाले राज्य संरचना र सरकार जनताले कस्तो चाहन्छन् बुझ्न कोसिस गरे ८४ मा चुनावमा होमिँदा पार्टीको स्पष्ट खाकासहित जनतासम्म जान सहज हुन्थ्यो । कुनै पनि राजनैतिक दल व्यक्ति केन्द्रित भएर लाग्नु भनेको ओली र देउवा उत्पादन गर्नु हो । खै किन यस्ता बेतुके स्टण्ड गर्छन् ।

अहिले देशमा लोकतान्त्रिक दलको आन्तरिक गुटबन्दीको गिरोह समूह, भ्रष्टाचारी समूह, अराजकता समूहको वर्चस्वले देशको अवस्था घृणित बनाएका छन् । यी दलभित्रको गुटगत गिरोह समूह, भ्रष्ट समूह, मिथ्या सूचना प्रवाह गर्ने अराजकता समूहले लोकतन्त्र र स्वतन्त्रता खतरामा मात्र नपुऱ्याई हत्या नै हुँदैछन् ।



**सेतेमान तामाङ**

# जनताले खोजेको नेतृत्व कस्तो ?

विचार



● खगेन्द्र पौडेल

नेतृत्व भन्नेबित्तिकै केवल कुर्सीमा बस्ने हैसियत होइन, त्यो एउटा सोच हो, जिम्मेवारी हो र एक गह्रौं भरोसा हो, जुन जनताले भविष्य निर्माणको आशामा व्यक्त गर्दछन् । तर, नेपालको सन्दर्भमा यो नेतृत्व भन्ने शब्द आफैंमा खल्बल्याउने शब्द बनेको छ, किनभने जनताले खोजेको नेतृत्व र पाएको नेतृत्वबीच ठूलै खाडल देखिन्छ । दशकौँदेखि नेतृत्वको कमी र गलत दिशानिर्देशनले देश असन्तोष, बेरोजगारी, भ्रष्टाचार, विसङ्गति र अवसरको पलायनतिर अग्रसर छ । यस्तो अवस्थामा जनताले अब चाहेको नेतृत्व केवल भाषण गर्ने, नारा दिने, मत माग्ने वा पार्टीको निष्ठामा अडिएको होइन, जनताले चाहेको नेतृत्व देश बनाउने सपना देख्ने र त्यो सपना साकार पार्ने इमानदार साथ हो ।

आजको जनता सचेत छन् । उनीहरूले नेताको भेषमा देखिने ठूला-ठूला वाचाहरूलाई अन्धविश्वास गर्ने दिन बितिसकेको छ । उनीहरू परिणाम खोज्छन्, योजनाको कार्यान्वयन खोज्छन् र आफूले दिएको मतको मूल्य खोज्छन् । जनताले यस्तो नेतृत्व चाहेका छन्, जसले 'जनता' भन्ने शब्दलाई कागजमा होइन, व्यवहारमा प्राथमिकता दिन सकोस् । अब जनताको नजरमा नेता त्यो हो, जो अनावश्यक विदेशी भ्रमणभन्दा ग्रामीण अस्पताल र विद्यालयको अवस्था हेर्न गाउँ पुग्छ; जो चुनाव जितेपछि काठमाडौंतिर होइन, आफ्नो क्षेत्रतिर फर्कन्छ; जो बोलीमा भन्दा बढी कर्ममा विश्वास गर्छ ।

त्यस्तो नेतृत्व जनताले खोजेका छन्, जसले भ्रष्टाचारका विरूद्ध कठोर र निष्पक्ष कदम चाल्न सक्छ । जसले आफन्त, सगात, नातेदार होइन, योग्यताको आधारमा जिम्मेवारी बाँड्छ । जसले कानुन सबैका लागि बराबर हो भन्ने विश्वास स्थापना गर्छ । जसले सत्ता लोभ होइन, सेवा भाव राखेर अगाडि बढ्छ ।

यस्तै अर्को महत्वपूर्ण पक्ष हो- पारदर्शिता । जनताले यस्तो नेतृत्व चाहेका छन्, जसले आफ्नो सम्पत्ति, निर्णय र योजनाहरू जनताका सामु सार्वजनिक गर्न डराउँदैन । जो सामाजिक सञ्जालको लाइभ मात्र होइन, जनताको प्रत्यक्ष संवाद र समीक्षा पद्धतिलाई आत्मसात गर्छ । किनभने पारदर्शिता मात्र होइन, जवाफदेहिता पनि लोकतन्त्रको मेरूदण्ड हो ।

साथै, जनताले यस्तो नेतृत्व चाहेका छन्, जसले दीर्घकालीन रणनीतिमा सोच्न सक्छ । विकास भनेको केवल पुल, बाटो र भवन होइन, शिक्षा, स्वास्थ्य, रोजगारी, सीप, अनुसन्धान, प्रविधि, कृषि र औद्योगीकरणको सन्तुलित प्रगति हो । जनताले यस्तो नेतृत्व खोजेका छन्, जसले चुनावअघि होइन, सत्तामा पुगेपछि पनि आफ्नो वाचा सम्झन्छ । जसले बजेटको हरेक रूपैयाँ जनताकै भविष्यमा लगानी गर्छ ।

नेतृत्व अब भाषणको प्रतिस्पर्धा होइन, कामको मूल्यांकनको थलो हो । जनताले अब यस्तो नेतृत्व चाहेका छन्, जसले मत माग्ने बेलामा आफूलाई सेवक भन्छ र जितेपछि पनि त्यसैअनुरूप व्यवहार गर्छ । जनताको सेवा गर्नु भनेको फोटो खिचाउनु होइन, गुनासो सुन्नु र समाधान गर्नु हो । यो केवल राजनीतिक नेतृत्व मात्र होइन, नैतिक नेतृत्व हो, जहाँ सत्य, संयम र त्यागको उच्च मूल्य हुन्छ । अर्कोतर्फ, युवापुस्ता परिवर्तन चाहन्छ । उनीहरू 'पुरानै सोच'मा अडिएको, 'व्यक्तिको वरिपरि घुम्ने' नेतृत्वको ठाउँमा 'सिस्टममा आधारित', 'विज्ञ र सीपयुक्त', 'प्राविधिक र नतिजा केन्द्रित' नेतृत्व खोजिरहेका छन् । जनताले चाहेका छन्, अब नेतृत्व विद्या र विश्वासको मिश्रण होस्, जहाँ न त उन्माद हुन्छ, न त जथाभावी प्रयोग ।

जनताले त्यस्तो नेतृत्व पनि खोजेका छन्, जसले राष्ट्रिय स्वाभिमान जोगाउने साहस राख्छ । विदेशी दबाब र लोभका अगाडि नझुक्ने, तर अन्तर्राष्ट्रिय मित्रतालाई समेत सन्तुलनमा राख्न सक्ने नेतृत्व । यस्तो नेतृत्वले नेपालको भौगोलिक, सांस्कृतिक र आर्थिक स्वाधीनतालाई केन्द्रमा राखेर निर्णय गर्छ ।

यस्तो नेतृत्व आजको आवश्यकता हो, किनभने नेपाल अब सम्भावनाको देश मात्र होइन, कार्यान्वयनको युगमा प्रवेश गर्न खोजिरहेको छ । जहाँ जनताले विकासलाई केवल सपना होइन, आफ्नो जीवनको यथार्थ बन्ने अपेक्षा राखेका छन् । उनीहरूले आफू, आफ्ना छोराछोरी र आगामी पुस्ताको भविष्य सुरक्षित होस् भन्ने आशा गरेका छन् ।

जनताले खोजेको नेतृत्व त्यो हो- जो साँचो अर्थमा, 'लोकतान्त्रिक' हो, जसको आँखामा जनता छन्, हृदयमा देश छ र पाइलामा परिवर्तनको साहस छ । यस्तो नेतृत्वले देशलाई केवल निर्वाचन जित्न होइन, विश्वास जित्न सक्छ । र जब विश्वास जितिन्छ, तब मात्र राष्ट्र निर्माणको आधार सुदृढ बन्न थाल्छ । यही खालको नेतृत्वको खोजीमा आजको जनता छन्–धैर्यपूर्वक, तर सजग ढंगले ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# वनको संरचनामा रहेका कानुनी जटिलता संशोधन हुन्छ : मन्त्री शाही

**ललितपुर/मस**-वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनको असरलाई न्यूनीकरणका लागि वृक्षारोपणमा जोड दिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

'हरियाली बढाऔं, हिमाल जोगाऔं' भन्ने नाराका साथ राष्ट्रिय वृक्षारोपण दिवसका अवसरमा वन तथा भू-संरक्षण विभागद्वारा शनिबार गोदावरीमा आयोजित वृक्षारोपण कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ठकुरीले सरकारले वन, वन्यजन्तु र जडीबुटीको संरक्षण गर्दै बताए ।

उनले वनको संरचनामा रहेका कानूनी जटिलतालाई समाधानका लागि पुरानो ऐनलाई समयसापेक्ष संशोधन र परिवर्तनको तयारी भइरहे जानकारी दिए । मन्त्रीले ठकुरीले सरकारले एक घर दुई रुख अभियान अगाडि बढाउने तयारी गरिरहेको उल्लेख गर्दै वन क्षेत्रमा फलफूलजन्य बोटबिरुवा रोपेर मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्नुपर्नेमा जोड दिए ।

बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्ण सिलवालले मानिसको जन्मदेखि मृत्युपर्यन्त रुखको महत्त्व रहेको भन्दै समृद्धिको लागि वृक्षारोपण आवश्यक भएको बताए ।

त्यस अवसरमा प्रतिनिधिसभा सदस्य एवं पूर्वअर्थराज्यमन्त्री उदय शमशेर राणाले देशको ४६ प्रतिशत भूगोल वन क्षेत्रबाट जम्मा दुई अर्ब आम्दानी लिन नसकेको बताए ।



जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फुँयालले बाढिपहिराले क्षतविक्षत बनाएको स्थानमा बृक्षरोपण र पुनःनिर्माणलाई जोड दिँदै बगरमा परिणत भएका मानिसका बस्तीहरूलाई संरक्षण गर्न जोड दिनुपर्ने बताए ।

गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले वनलाई प्रभावकारी रूपमा संरक्षण गर्न र वनबाट उत्पादित सामग्री सहज रूपमा उपयोग गर्न सक्ने गरी वनसम्बन्धी ऐन तथा नियमावलीहरू संशोधन गरिनुपर्नेमा जोड दिए । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका अध्यक्ष ठाकुर भण्डारीले नेपालका एक करोड ६२ लाख उपभोक्ता वनमा आबद्ध भएको बताए । उनले देशको अर्थतन्त्रमा सामुदायिक बनको योगदानलाई अभिवृद्धि गर्न जोड दिने बताए ।

वन तथा भू-संरक्षण विभागका महानिर्देशक बद्रीराज ढुङ्गानाले शून्य कार्बन उत्सर्जनअन्तर्गत तीन करोड वृक्षारोपणलाई जोड दिँदै ७७ जिल्लामा रहेका ८४ वटा डिभिजन वन कार्यालयमार्फत निःशुल्क बिरुवा वितरण हुने जानकारी गराए ।

## कांग्रेस अर्घाखाँचीको आयोजनामा श्रद्धाञ्जली सभा सम्पन्न



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १४ असार

नेपाली कांग्रेस अर्घाखाँचीको आयोजनामा पूर्व मन्त्री तथा पार्टीका वरिष्ठ नेता ढुण्डिराज शास्त्रीको १३औं दिनको पुण्यतिथिमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ । नेता शास्त्रीको असार २ गते काठमाडौंस्थित एक अस्पतालमा उपचारको क्रममा निधन भएको थियो । उनी कांग्रेस पार्टीभित्र निष्ठावान, समाजशास्त्रका चिन्तक र कर्तव्यनिष्ठ नेताका रूपमा चिनिन्थे ।

श्रद्धाञ्जली सभामा कांग्रेस लुम्बिनी प्रदेशका सह-महामन्त्री विष्णुप्रसाद खनाल 'मुस्कान' ले नेता शास्त्रीको निधन कांग्रेस पार्टीका लागि ठूलो क्षति भएको बताए । उनले शास्त्रीलाई राष्ट्रप्रति समर्पित नेताको रूपमा स्मरण गर्दै, शान्ति प्रक्रियामा शास्त्रीले भारतमा बसेर पुऱ्याएको योगदान उल्लेख गरे ।

पूर्वसभापति कमलप्रसाद भुसालले शास्त्रीलाई अर्घाखाँची जिल्लाको विकास निर्माणमा योगदान पु-याउने योजनाकारको रूपमा वर्णन गरे । शास्त्रीको जन्म १९९३ सालमा अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिका-८, निमडाँडामा भएको हो । उनका बुवा खेमराज पौडेल र आमा सावित्रा पौडेल हुन् ।

नेता शास्त्री २०१० सालमा बनारसमा अध्ययनका क्रममा नेपाली कांग्रेससँग आबद्ध भइ राजनीतिक आन्दोलनमा होमिएका थिए । २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा सहभागी भइ पाल्पाको तानसेनमा भाग लिएका उनी, भूमिगत राजनीतिक गतिविधिमा समेत सक्रिय थिए । कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठले शास्त्रीलाई जिल्लाको ब्रान्ड नेताका रूपमा सम्झिए ।

लुम्बिनी प्रदेशकी कांग्रेस सदस्य शान्ता भण्डारीले नेता शास्त्रीले मन्त्री हुँदा धेरैलाई रोजगारीमा जोडेको स्मरण गर्दै पार्टीलाई गहिरो क्षति पुगेको बताइन् । २०१५ सालको आम निर्वाचनदेखि सक्रिय राजनीति गर्दै आएका शास्त्रीले २०१७ सालमा राजा महेन्द्रद्वारा संसद् भंग गरिएपछि गुल्मी, अर्घाखाँचीका युवाहरूलाई क्रान्तिमा सक्रिय गराउन महत्वपूर्ण भूमिका खेलेका थिए ।

नेता श्यामनाथ काश्यपले शास्त्रीलाई बी.पी. कोईरालाका अनुयायी, समाजवादका व्याख्याता र कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, गणेशमान सिंहका सहयात्रीका रूपमा स्मरण गरे। पूर्व सचिव छबिलाल पौडेलले शास्त्रीको योगदान अर्घाखाँची, गुल्मी, पाल्पा र रुपन्देही लगायतका जिल्लामा पार्टी संगठन विस्तारमा उल्लेखनीय रहेको बताए । कांग्रेस नेता हेमन्त बेल्वासेले जनआन्दोलन २०३६ र २०४६ मा पनि शास्त्रीले नेतृत्वदायी भूमिका खेलेको तथा युवाहरुलाई पार्टीमा आकर्षित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

२०४८ र २०५१ सालको संसदीय निर्वाचनमा अर्घाखाँची क्षेत्र नम्बर २ बाट भारी मतले विजयी भएका शास्त्री दुईपटक उद्योग तथा श्रम मन्त्री समेत बनेका थिए । श्रद्धाञ्जली सभामा शास्त्रीप्रति श्रद्धा प्रकट गर्दै विभिन्न नेताहरूले उनको योगदानको उच्च प्रशंसा गरेका थिए ।

## मदन भण्डारी फाउन्डेशनको अन्तरक्रिया कार्यक्रम सम्पन्न



**अर्घाखाँची/मस**-मदन भण्डारी फाउन्डेशन अर्घाखाँचीको आयोजनामा 'स्वर्गीय जननेता मदन भण्डारी र नेपालको लोकतान्त्रिक आन्दोलन' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

फाउन्डेशनका संयोजक श्रीकृष्ण भुसालको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा (एमाले) केन्द्रीय सल्लाहकार परिषदका सदस्य जनार्दन खनाल प्रमुख अतिथि थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइराला र सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठ विशेष अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, संघसंस्था, बुद्धिजीवी, सञ्चारकर्मी, फाउन्डेशनका सदस्य तथा शुभेच्छुकको उल्लेख्य उपस्थिति रहेको संयोजक भुसालले जानकारी दिए ।

कार्यक्रममा फाउन्डेशनकी सदस्य मेनुका पौडेलले स्वागत मन्तव्य राखेकी थिइन् भने संयोजक भुसालले 'जननेता मदन भण्डारी र नेपालको लोकतान्त्रिक आन्दोलन' विषयमा अवधारणापत्र प्रस्तुत गरेका थिए । उक्त अवधारणापत्रमा नेपाली कांग्रेसका जिल्ला सभापति केशव श्रेष्ठ, नेकपा माओवादी केन्द्रका प्रदेश समिति सदस्य ठाकुर सौराग, नेकपा (एकीकृत समाजवादी) का जिल्ला अध्यक्ष रामबहादुर चौहान, राष्ट्रिय जनमोर्चाका जिल्ला कोषाध्यक्ष गोविन्द के.सी., क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका सल्लाहकार बुद्धि गैरे, पाणिनी क्याम्पसका क्याम्पस प्रमुख बुद्धिराम भुसाल, पूर्व क्याम्पस प्रमुख ज्ञानबहादुर क्षेत्री, कानून व्यवसायी जगन्नाथ भुसाल, राष्ट्रसेवक संघका अध्यक्ष कमलप्रसाद घिमिरे, चेम्बर अफ कमर्स अर्घाखाँचीका अध्यक्ष अशोक श्रेष्ठलगायतले टिप्पणी गरेका थिए।

कार्यक्रममा सहभागीहरूमध्येबाट प्रतिक्रियासहित सुझावहरू पनि संकलन गरिएको थियो ।

यस अवसरमा अर्घाखाँचीका जेष्ठ कम्युनिस्ट तथा संघर्षका योद्धा नेत्रप्रसाद ढुंगाना र लिलामणि ढुंगानासहित अनेरास्ववियुका नवनिर्वाचित केन्द्रीय सदस्य तथा जनजाति विद्यार्थी नेता विराज मुखियालाई सम्मान गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले उठाएका प्रश्न र जिज्ञासामा प्रमुख अतिथि खनाल र प्रमुख कोइरालाले जवाफ दिएका नेकपा एमालेका युवा नेता प्रेमनारायण गैरेले जानकारी दिए ।

## मेलम्चीमा बस दुर्घटना हुँदा ८ जना घाइते



**काठमाडौं/मस**-सिन्धुपाल्चोकको मेलम्चीमा बस दुर्घटना हुँदा चालकसहित आठ जना घाइते भएका छन् । भोताङबाट काठमाडौंका लागि छुटेको बागमती प्रदेश-३-०१-००५ख ९९७६ नम्बरको बस शनिबार दिउँसो दुर्घटनामा परेको हो ।

इलाका प्रहरी कार्यालय मेलम्चीका अनुसार बस मेलम्ची नगरपालिका-१० को रामपुर बेसीस्थित बजारपारिको सडकमा दुर्घटना भएको हो । दुर्घटनामा परी बसमा सवार ८ जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था मध्यम रहेको छ भने अन्य ६ जना सामान्य घाइते भएको प्रहरीले जनाएको छ । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## आमाको दुध प्रतिस्थापन गर्ने वस्तुको बिक्री र प्रयोग रोक्ने प्रतिबद्धता



**वीरगन्ज/मस**-पर्साको सखुवा प्रसौनी गाउँपालिकाका जनप्रतिनिधिहरूले आमाको दुध प्रतिस्थापन गर्ने वस्तुहरूको बिक्री र प्रयोग रोक्न सक्रिय भूमिका निर्वाह गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन् ।

शनिबार सखुवाप्रसौनी गाउँपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको 'आमाको दुध प्रतिस्थापन गर्ने वस्तु बिक्री तथा वितरण नियन्त्रण ऐन, २०४९' सम्बन्धी कार्यक्रममा सहभागी गाउँपालिका अध्यक्ष र ६ वटै वडाका वडाध्यक्षले उक्त प्रतिबद्धता जनाएका हुन् । गाउँपालिका अध्यक्ष जसवन्त यादवले आमाको दुध शिशु स्वास्थ्यको मेरुदण्ड भएको उल्लेख गर्दै आमाको दुध प्रतिस्थापन गर्ने वस्तुहरूको बिक्री र प्रयोग रोक्न कानुनी व्यवस्था अनुसार पालिकाले कठोर कदम चाल्ने प्रतिबद्धता जनाए ।

यस्तै कार्यक्रममा सहभागी वडाध्यक्षहरू बासुदेव महतो थारु, चिरञ्जीवी महतो थारु, मोजामिल अन्सारी, मोदारीफ अन्सारी, अशेश्वर यादव र मुना कमकरले पनि आमाको दुध प्रतिस्थापन गर्ने वस्तुहरूको प्रचारप्रसार, बिक्री र प्रयोग रोक्न आफूहरूले सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।

## नेत्रज्योति संघद्वारा विदेशमा सेवा विस्तार

**काठमाडौं/मस**- नेपाल नेत्रज्योति संघले मुलुक बाहिर आँखा सेवा उपलब्ध गराउन सुरुवात गरेको छ । अट्ठाइस आँखा अस्पताल, दुई सय २४ उपचार केन्द्र र ४४ जिल्ला शाखाहरूको सञ्जालमार्फत स्वदेशमा आँखा उपचार सेवा प्रदान गर्दै आएको संघले ओमानको राजधानी मस्कटमा रहेका नेपालीको निःशुल्क आँखा जाँच गरेको हो ।

ओमानस्थित नेपाली राजदूतावासको समन्वय र सहकार्यमा नेपाली नेत्रविशेषज्ञले मस्कटमा रहेका नेपालीको निःशुल्क आँखा जाँच गर्नुका साथै आवश्यक पर्ने बिरामीलाई चस्मासमेत वितरण गरेको छ । नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालका प्रमुख मेडिकल डाइरेक्टर एवं नेत्ररोग विशेषज्ञ डा.पुष्पा गिरी श्रेष्ठको नेतृत्वमा मस्कटस्थित बदर अल समा अस्पताल र अल खुवेर अस्पतालमा आँखा परीक्षण शिविर आयोजना गरिएको थियो । शिविर आयोजनाका लागि त्यहाँस्थित नेपाली राजदूत डोरनाथ अर्यालले विशेष समन्वय र सहजीकरण गरेका नेपाल नेत्रज्योति संघले जनाएको छ ।

विभिन्न कामको सिलसिलामा मुलुकबाहिर गएका नेपालीलाई आँखा उपचारमा सहजता होस् भन्ने उद्देश्यले नेपाली राजदूतावाससँगको सहकार्यमा उक्त कार्यक्रमको आयोजना गरिएको संघका महासचिव भरतबहादुर चन्दले जानकारी दिए । उनका अनुसार आँखा परीक्षणपछि चश्मा आवश्यक देखिएका बिरामीलाई निःशुल्क चश्मा वितरण गरिएको थियो । प्रायः विदेशमा




आँखा उपचार सेवा महँगो हुने गर्दछ । उनले भने, 'विदेशमा आँखा उपचार सेवा महँगो हुने गर्दछ । श्रमिकहरूलाई त्यहाँ उपचार गराउन कठिन हुनसक्छ भनेर उहाँहरूको अवस्थालाई ख्याल गरेर आँखा परीक्षण कार्यक्रम राखेका हौं ।'

अन्य देशहरूमा रहेका नेपाली श्रमिकलाई लक्षित गरेर आँखा परीक्षण कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको महासचिव चन्दले जानकारी दिनए । उनका अनुसार नेपालको आँखा उपचार सस्तो एवं गुणस्तरीयताका कारण अन्य देशका नागरिक पनि यहाँ आँखा उपचार गराउन आउने गर्दछन् । चन्दले भने, 'सबै नागरिकको पहुँचमा गुणस्तरीय आँखा सेवा पुऱ्याउँदै नेपाललाई आँखा उपचारको पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएका छौं । यसै सेरोफेरोमा सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा आफ्ना योजना र कार्यक्रम केन्द्रित छन् । विदेशमा हुने आँखा परीक्षण कार्यक्रमले विश्व समुदायमा नेपालको सेवाका बारेमा प्रचारप्रसार र प्रवर्द्धन हुनेछ ।' ओमानस्थित नेपाली राजदूतका अनुसार अनलाइनमार्फत नाम दर्ता गराएका नेपालीको आँखा परीक्षण गरिएको हो । यो कार्यक्रमको समीक्षापछि आगामी दिनमा ओमानका अन्य सहरमा नेत्रज्योति संघसँगको सहकार्यमा आँखा परीक्षण कार्यक्रम सञ्चालन गर्ने योजना रहको दूतावासले जनाएको छ । संघका अध्यक्ष प्रा.डा.चेतराज पन्तले विदेशमा नेपालीलाई लक्षित गरी सञ्चालन गरिने यस्ता कार्यक्रमले नेपाललाई आँखा उपचारको पर्यटन गन्तव्यका रूपमा विकास गर्ने संघको योजनामा थप मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

उनले भने,'नेपालको आँखा उपचार सेवा विश्वमा अब्बल छ भन्ने कुरालाई प्रमाणित गरेर नेपाललाई आँखा उपचारको हव बनाउन सकिन्छ । यसका लागि विदेशमा परीक्षण थालनी गरेका हौं ।' संघका कार्यकारी निर्देशक डा.शैलेशकुमार मिश्रका अनुसार सन् २०२४ मात्र मात्र संघको सञ्जालमार्फत भारतलगायत अन्य छिमेकी मुलुकका करिब नौ लाख आँखाका बिरामीको परीक्षण गरिएको छ भने एक लाख ६० हजारभन्दा बढी बिरामीको शल्यक्रिया गरिएको छ । उनका अनुसार स्थापनादेखि सन् २०२४ को अन्तिमसम्ममा संघका सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी चार करोड ६८ लाख ६८ हजार ६० जना बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ ।

## १७ वर्षपछि हत्यारा पक्राउ

**विराटनगर/मस**-विराटनगरमा भएको वीभत्स हत्याको घटनामा दोषी ठहर भएका व्यक्ति १७ वर्षपछि पक्राउ परेका छन् ।

घटना भएको र अदालतले दोषी ठहर गरेको धेरै भइसक्दा पनि हत्यारा पक्राउ गर्न प्रहरीलाई समय लागेको हो । खोजी तीव्र पारेको प्रहरीले हत्यारा भारतमा लुकेर बसेका कारण पक्राउ गर्न सकिरहेको थिएन । मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालले १७ वर्षअघिको हत्यामा संलग्न विराटनगर महानगरपालिका-१५ घर भइ विराटनगर-१६ मा बस्दै आएका अन्दाजी ३५ वर्षीय राजकुमार सहनीलाई पक्राउ गरिएको जानकारी दिइन् ।

उनका अनुसार २०६५ साउन २६ गते विराटनगर-१५ का १७ वर्षीय शम्भुकुमार सहनीको हत्या भएको थियो । धारिलो हतियार प्रहार गरेर हत्या गरेपछि २ टुक्रा पारेर विराटनगर-१६ स्थित नहरमा फालेको अवस्थामा २०६५ साउन २८ गते शम्भुको शव फेला परेको थियो । त्यतिबेला हत्या गरेपछि बोरामा पोको पारेर फालेको क्षतविक्षत अवस्थाको शव



नहरमा भेटिएको थियो ।

प्रहरीको अनुसन्धानबाट हत्यामा राजकुमार सहनी लगायतको संलग्नता पुष्टि भएको थियो । 'राजकुमारलगायतका व्यक्तिहरूले मृतक शम्भुलाई घरबाटै बोलाएर लगेका रहेछन् । बीभत्स तरिकाले हत्या गरेर फालेको अवस्थामा २ दिनपछि शव भेटिएको हो । हत्यामा संलग्नहरू लामो समयदेखि फरार थिए,' प्रहरी स्रोतले भन्यो । हत्यामा संलग्नमध्ये राजकुमार बल्ल पक्राउ परेका हुन् ।

घटनामा दोषी ठहर गर्दै जिल्ला अदालत मोरङले २०७७ माघ २० गते उनलाई जन्मकैदको फैसला सुनाएको थियो । अदालतको फैसला अनुसार राजकुमारले २० वर्ष कैद बस्नुपर्ने हुन्छ । अदालतले दोषी ठहर गदै जन्मकैदको सजाय सुनाएको भए पनि उनी लामो समयदेखि भागिरहेका थिए । सजाय भुक्तान नगरिकन फरार बनेका राजकुमारलाई प्रहरीले बल्ल पक्राउ गरेको हो ।

राजकुमार नेपाल-भारत सीमा क्षेत्रनजिक विराटनगर-१५ स्थित १ नम्बर ढाटबाट पक्राउ परेको डीएसपी चुँडालले बताइन् । इलाका प्रहरी कार्यालय रानीका इन्स्पेक्टर कविन राई र इलाका प्रहरी कार्यालय रानी सीमाबाट खटिएको सई सुवास अधिकारीसहितको टोलीले शुक्रबार उनलाई पक्राउ गरेको हो ।

शम्भुको हत्या गरेपछि राजकुमार लामो समयसम्म भारतमा लुकेर बसेको पाइएको छ । प्रहरीले उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत मोरङमा बुझाउने तयारी गरेको छ । अदालतले कामतलाई सजाय भुक्तानका लागि कारागार चलान गर्ने छ ।

## संस्कृतिविद् तेजेश्वरबाबु ग्वङ्गलाई 'बद्रीविक्रम राष्ट्रगौरव पुरस्कार' दिइने

**काठमाडौं/मस**- संस्कृतिविद् तथा साहित्यकार तेजेश्वरबाबु ग्वङ्गलाई २०८२ सालको 'बद्रीविक्रम राष्ट्रगौरव पुरस्कार' समर्पण गरिने भएको छ ।

कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठीबाट हरेक वर्ष समर्पण गरिने यस पुरस्कारको राशि रु दुई लाख २२ हजार २२२ छ । आगामी साउन ११ गते आइतबार कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठीको वार्षिक कार्यक्रममा उनलाई उक्त पुरस्कार समर्पण गरिने गुठीले जनाएको छ ।

उर्मिला गर्गलाई 'सेवा पुरस्कार नेपाल' समर्पण गरिने

नेपाल सिर्जनात्मक कलागुठीकी संस्थापिका,



नेपाली ललितकला क्षेत्रकी अग्रज चित्रकलाकार श्रीमती उर्मिला उपाध्याय गर्गलाई २०८२ सालको 'सेवा पुरस्कार नेपाल' समर्पण गरिने पनि गुठीले जनाएको छ । कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठीबाट हरेक वर्ष समर्पण गरिने यस पुरस्कारको राशि रु दुई लाख २२ हजार दुई सय २२ रहेको छ । यो पुरस्कार आगामी साउन ११ गते नै प्रदान गरिने जनाइएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१५ असार २०८२ आइतबार
29 June 2025, Sunday

# गायिकाद्वय एलिना र समीक्षालाई प्रधानमन्त्री ओलीले भने– 'साहसी छोरीहरू'




**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले गायिकद्वय एलिना चौहान र समीक्षा अधिकारीको प्रशंसा गरेका छन्।

आफ्नो बारेमा सामाजिक सञ्जालमा जथाभावी लेख्नेहरूको तस्बिर, नाम र फेसबुक आइडी सार्वजनिक गरिरहेका चौहान र अधिकारीको अभियानलाई साहसी काम भन्दै प्रधानमन्त्रीले उनीहरूको प्रशंसा गरेका हुन्।

ओलीले सामाजिक सञ्जाल फेसबुकमा एक स्टाटस लेख्दै आफू राम्रो देखिन अरूको दोष खोजेर गाली गर्ने, जस्तो कुराको पनि विरोध नै गर्ने र सराप्ने परपीडक प्रवृत्तिबाट समाजलाई बचाउनु पर्ने बताएका हुन्।

उनले समाजलाई उत्तेजनाले 'गाइड' गरेर गलत बाटोतर्फ डोऱ्याउन नदिन र विवेकतर्फ फर्काउन 'गाली गर्नेहरूलाई सार्वजनिक गरिदिने' दुई गायिकाको तरिका सही लागेको जिकिर गरेका हुन्। समाजको हरेक सकारात्मक पहलकर्ताले गाली पाउने प्रवृत्ति अति भइसकेको उल्लेख गर्दै ओलीले राम्रो गर्न खोज्नेले हिम्मत हार्नु नहुने बताए।

प्रधानमन्त्री ओलीले लेखेका छन्, 'आफू राम्रो देखिन अरूको दोष खोजेर गाली गर्ने, जस्तो कुराको पनि विरोध नै गर्ने र सराप्ने परपीडक प्रवृत्तिबाट समाजलाई बचाउनु पर्छ। समाजलाई उत्तेजनाले 'गाइड' गरेर गलत बाटोतर्फ डोऱ्याउन नदिन र विवेकतर्फ फर्काउन 'गाली गर्नेहरूलाई सार्वजनिक गरिदिने' यी दुई गायिकाको तरिका सही लाग्यो। समाजको हरेक सकारात्मक पहलकर्ताले गाली पाउने प्रवृत्ति अति भइसक्यो। राम्रो गर्न खोज्नेले हिम्मत हार्नु हुँदैन।'

# बिसीको तिज गीत 'साइँली छोरी' आयो




**काठमाडौं/मस**–नेपाली गीतसंगीत प्रेमी दर्शक श्रोताको लागि शंकर बिसीको नाम सांगीतिक बजार र क्षेत्रमा पर्यावाची जस्तै भइसकेको छ। नेपाली लोक गीतसंगीत प्रेमी बच्चादेखि वृद्धसम्म सबैको मनमा बसेका बिसीले सांगीतिक बजारमा दशकौं आफ्नो अभिनय, निर्देशन र कोरियोग्राफी गर्दै बिताएका छन्।

उनी पछिल्लो समय एक सर्जकको रूपमा पनि देखिन र चिनिन थालेका छन्। भर्खरै गायिका देविका केसी र रामकुमार नेपालीले आवाज दिएको तिज गीत 'साइली छोरी'मा पनि शंकर आफैले शब्द लेखेका हुन। रामकुमार नेपालीको लय रहेको यश गीतमा शंकरकै निर्देशन र कोरिग्राफी रहेको छ भने गीतलाई दुर्गा पौडेलले खिचेका छन्।

नवीन घर्तीमगरको सम्पादनमा तयार भएको यस गीतको भिडियोमा शंकर बिसी र जुना विश्वकर्मा लगायतको उत्कृष्ट नृत्य देख्न सकिन्छ।

# 'काँटा लगा गर्ल' शेफालीको निधन



**काठमाडौं/मस**–बलिउड अभिनेत्री शेफाली जरीवालाको निधन भएको छ। ४२ वर्षीया उनको मृत्युको कारण स्पष्ट नभएको मुम्बई प्रहरीले बताएको छ। मुम्बई प्रहरीले भनेको छ, 'प्रहरीलाई शुक्रबार राति १ बजे यसबारे जानकारी प्राप्त भयो। उनको शव पोस्टमार्टमका लागि कुपर अस्पताल पठाइएको छ। उनको मृत्युको कारण अझै स्पष्ट भएको छैन।'

एक प्रहरी अधिकारीका अनुसार फोरेन्सिक युनिट र मुम्बई प्रहरीको टोली गोल्डेन रे-वाई भवनमा रहेको अभिनेत्री जरीवालाको अपार्टमेन्ट पुगेर अनुसन्धान थालेका छन्।

उनका पति अभिनेता पराग त्यागीले उनलाई मुम्बईको अन्धेरी उपनगरमा रहेको बेलेभ्यु मल्टिस्पेसलिटी अस्पताल पुऱ्याएका थिए।

शेफालीको मृत्यु हृदयाघातका कारण भएको अनुमान गरिए पनि उनका परिवार वा प्रतिनिधिले अहिलेसम्म कुनै आधिकारिक वक्तव्य जारी गरेका छैनन्।

शेफालीले आफ्नो पतिसँग डान्स शो 'नच बलिए' र पछि 'बिग बोस १३' जस्ता रियालिटी शोमा भाग लिएर लोकप्रिय भएकी थिइन्।

उनी अन्तिम पटक सन् २०२४ को टिभी कार्यक्रम 'शैतानी रश्मे' मा पर्दामा देखिएकी थिइन्।

सन् २००२ मा रिलिज भएको गीत 'काँटा लगा' म्युजिक भिडियोबाट उनी प्रसिद्धीको शिखरमा पुगिन। त्यसपछि उनी सलमान खानको फिल्म 'मुझसे शादी करोगी'मा देखा परिन् र सन् २०१९ को वेब सिरिज 'बेबी कम ना'मा अभिनय गरिन्। उनले 'बुगी वूगी' र 'नच बलिए'जस्ता लोकप्रिय डान्स रियालिटी शोहरूमा पनि भाग लिइन्।

शेफालीले दुई विवाह गरेकी थिइन्। उनको पहिलो विवाह सन् २००४ मा मीत ब्रदर्सका संगीतकार हरमीत सिंहसँग भएको थियो, तर सन् २००९ मा उनीहरूको सम्बन्ध विच्छेद भयो। त्यसपछि शेफालीले सन् २०१५ मा अभिनेता पराग त्यागीसँग विवाह गरिन्।

# पत्रकार अमृत सुवेदीसहित ६ जना पुरस्कृत



**पोखरा/मस**–पोखरा महानगरपालिका नगर युवा परिषद्ले पत्रकार अमृत सुवेदीसहित विभिन्न क्षेत्रका ६ जनालाई वर्ष उत्कृष्ठ पुरस्कार प्रदान गरेको छ। पोखरालाई कार्यक्षेत्र बनाएर विभिन्न ६ क्षेत्रमा क्रियाशील ४० वर्ष मुनिका युवाहरूमध्ये सुवेदीसहित पुरस्कृत भएका हुन्।

सुवेदी युवा शसक्तीकरण तथा पत्रकारिता क्षेत्रबाट पुरस्कृत भएका हुन्। सामाजिक तथा सरसफाइ क्षेत्रमा क्रियाशील सन्तोष पौडेल, विज्ञान तथा प्रविधि क्षेत्रमा क्रियाशील ब्लाक टेकका प्रमुख कार्यकारी निर्देशक स्वदेश नेपाली, कला, साहित्य तथा नाट्य क्षेत्रबाट पोखरा चियटरका सञ्चालक मुक्तिबहादुर कार्की (परिवर्तन) कृषिबाट अर्गानिक 'हरिलो' उत्पादन तथा विक्री गरिरहेकी रोशनी आचार्य, खेलकुद क्षेत्रबाट लङ टेनिशका खेलाडी प्रदीप खड्का पुरस्कृत भए।

पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण तथा दीगो विकास क्षेत्रमा क्रियाशील पौडेल फोहोरमैला व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेर काम गरिरहेका छन्। विज्ञान तथा प्रविधि, शिक्षा क्षेत्रबाट पुरस्कृत नेपालीले रेस्ट्रो एक्स एपमार्फत देश तथा विदेशमा १० हजार होटल, रेस्टुरेन्टलाई डिजिटल सेवा दिइरहेको छ। उनले ४६ जनालाई रोजगारी दिइरहेका छन्।

कला, साहित्य, संस्कृति तथा नाट्य क्षेत्रबाट पुरस्कृत परिवर्तनको नेतृत्वमा नाटक घर निर्माण गरेर नाटक निर्माण, मञ्चन तथा प्रवर्द्धनमा लागि परेका छन्। हरिलो नाममा अर्गानिक अचार देश तथा विदेशमा पुऱ्याइरहेकी रोशनीले मासुजन्य अचारसहित विभिन्न कृषि उत्पादनको बजारीकरण गरिरहेकी छन्। हरिलोमा अहिले २५ जनाले रोजगारी पाएका छन्।

लङ टेनिश खेलाडी प्रदीप नेपालकै उत्कृष्ठ खेलाडी हुन्। उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय थुप्रै पुरस्कार प्राप्त गरेका छन्।

६ जना युवाहरुलाई पोखरा महानगरका मेयर धनराज आचार्यले नगद ३० हजार रुपैयाँ, दोसल्ला र सम्मान पत्रले पुरस्कृत गरे।

# 'यो मन त मेरो नेपाली हो'को ट्रेलर रिलिज



**काठमाडौं/मस**– असार २७ गतेबाट प्रदर्शनमा आउन लागेको 'यो मन त मेरो नेपाली हो'को ट्रेलर सार्वजनिक गरिएको छ। सार्वजनिक ट्रेलरमा नेपाली भाषा, साहित्य, कलाको महत्वलाई देखाउन खोजिएको छ।

यस फिल्ममा रोशन श्रेष्ठ, विजय बराल, विल्सन विक्रम राई, बुद्धि तामाङ 'हैट', आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन 'मन्त्री', सुबास भन्डारी, विजय सुब्बा, विजिता परियार, देवराज राजबन्शी, भानुभक्त सिटौला लगायतको अभिनय छ। निर्देशक मित्र प्रधानले नयाँ पुस्तालाई नेपाली भाषा, संस्कार र संस्कृतिबारे ज्ञान दिने र यसको संरक्षणको लागि गर्ने संघर्षको कथावस्तुमा चलचित्र निर्माण गरेको बताए। चलचित्रका निर्माता तथा कलाकार रोशन श्रेष्ठले यो चलचित्र हरेक नेपालीले हेर्नु पर्ने बनेको बताए। यस्तै विजय बरालले फरक चलचित्र भएको र यसले नेपाली भाषा, साहित्य र कलालाई जोड्ने काम गरेको उनले बताए। विल्सन विक्रम राईले फिल्मको कथामा मिल्ने गीत समेत लेखेको र यो कथा नजिकबाट देखेकोले चलचित्र उत्कृस्ट बनेको उल्लेख गरे।

चलचित्रकी नायिका आयुषा समाल आफूले विदेशमा बसेर पनि नेपाली भाषा सिक्न र जोगाउन लागेको बताए।

पद्यमा ईश्वर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको चलचित्र 'यो मन त मेरो नेपाली हो' लाई ज्ञान बहादुर प्रधान (रोशन)ले निर्माण गरेका हुन्।

अमेरीकामा रहेका साहित्यकार मित्र प्रधान (नर) को निर्देशन रहेको यस चलचित्रमा शिवम् अधिकारीको लेखन रहेको छ। सौरभ लामाको छायांकन, देव महर्जनको द्वन्द्व, समिर मियाको भिएफएक्स, कविराज गहतराज र प्रमोद भण्डारीको कोरियोग्राफी, सम्पादक बनिश शाह तथा सिजिआई सत्यम राना रहेको छ। दिपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको चलचित्रमा संगीत रहेको छ भने दिपक शर्मा, विल्सन विक्रम राई, शंकर अधिकारी घायलको शब्द तथा खैजडी गीतमा अनिश अधिकारीको शब्द संकलन छ। चलचित्रलाई आर आर फिल्मसले वितरण गर्दैछ।

# 'मैसा'मा रश्मिकाको भिन्न लुक्स




**काठमाडौं/मस**– दक्षिण भारतीय नायिका रश्मिका मन्दन्नाको अभिनय रहने 'मैसा'ले उनको करिअरकै भिन्न फिल्मका रुपमा चर्चा पाएको छ।

निर्माण पक्षले यो फिल्मबारे धेरै कुरा सार्वजनिक गरेको छैन। तर आधिकारिक रूपमा यस फिल्मको प्रदर्शन मिति पनि तोकिएको छैन। तर फिल्म चर्चा पाउन सफल भएको छ।

नायिका रश्मिकाले आफूले निर्वाह गरेको चरित्र खुल्ने गरी पोस्टर सार्वजनिक गरेकी छन्। पोस्टरमा उनी विगतका फिल्ममा भन्दा बिलकुल फरक भूमिकामा देखिएकी छन्। उनी क्रोधित मुद्रामा छिन् भने अनुहारमा चोट र रगत लतपत्तिकएको छ।

यो पोस्टरका कारण रश्मिकाले चर्चा पाएकी छन्। यो फिल्मबाट उनले अभिनय करिअरमा थप उचाइ हासिल गर्न सक्ने केहीले टिप्पणी गरेका छन्।

# मिस सुप्रानेसनलको टप २४ मा पहिलोपटक नेपाली सुन्दरी




**काठमाडौं/मस**–अन्तर्राष्ट्रिय सुन्दरी प्रतियोगिता मिस सुप्रानेसनलमा पहिलोपटक नेपालकी सुन्दरी टप २४ भित्र पर्न सफल भएकी छन्। पोल्यान्डमा भएको फिनालेमा नेपालकी दीक्षा अवस्थी उत्कृष्ट २४ को सूचीमा पर्न सफल भएकी हुन्।

मिस्टर एन्ड मिस नेसनलका राष्ट्रिय आयोजक डा.सन्तोष उपाध्यायले नेपाल पहिलोपटक यो स्थानमा पुग्दा खुसीको सीमा नै नभएको बताए। उपाधि नजिते पनि यो देशका लागि ऐतिहासिक पल भएको उनले बताए।

मिस सुप्रानेसनल २०२५ को उपाधि भने ब्राजिलकी सुन्दरी एडुआर्डा ब्रुमले जितेकी छन्। प्रतियोगिताको १६औं संस्करणमा ६६ देशका सुन्दरी सहभागी भएका थिए।

उपाधि विजेता ब्रुमलाई गत वर्षकी मिस सुप्रानेसनल हर्रास्टा हाइफा जाहराले एडुआर्डालाई ताज पहिरिदिएकी हुन्। त्यस्तै जर्मनीबाट प्रतिनिधित्व गरेकी अन्ना लाक्रिनीले फस्ट रनरअप घोषित भइन्।

कुराकाओकी क्विशान्टेली लेइटो सेकेन्ड रनरअपको स्थान हासिल गर्न सफल भइन्। फिलिपिन्सकी ताराह भ्यालेन्सिया थर्ड रनरअप हुँदा प्यूर्टो रिकोकी भ्यालेरी क्लेपाड्लो फोर्थ रनरअप बनिन्।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य तालिम केन्द्र**
धनगढी, कैलाली, नेपाल

**चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/१५**

यस स्वास्थ्य तालीम केन्द्र, धनगढीको भवनमा रहेको क्यान्टिन (चमेना गृह) वार्षिक रुपमा भाडामा दिई सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक फर्महरुको लागि चमेनागृह सञ्चालनका लागि निम्न शर्तहरुको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिन्छ।

**शर्तहरु**

१. चमेनागृह सञ्चालनको लागि इच्छुक फर्मले नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सलंग्न गरी निवेदन दिइ यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस तालिम केन्द्रबाट रु १,०००।- (एक हजार ) फिर्ता नहुने गरी दस्तुर तिरी प्रमाणित प्रस्ताव फाराम खरिद गर्न सकिनेछ।
२. खरिद गरिएको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२.०० बजेसम्म शिलवन्दी गरी कार्यालयमा दर्ता गराउनु पर्नेछ। म्याद भित्र रीतपूर्वक दर्ता भएको शिलबन्दी प्रस्तावहरु सोही दिन दिनको २.०० बजे कार्यालयका प्रतिनिधि र प्रस्तावदाताको रोहबरमा खोलिनेछ। प्रस्तावदाता उपस्थित नभएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन।
३. चमेनागृह संचालनको लागि न्यूनतम वार्षिक भाडा रु २,७०,०००। अक्षरुपी दुई लाख सत्तरी हजार कायम गरिएको छ।
४. बढी अंक कवोल गर्ने र खाना तथा नास्ताको दररेट कम भएको निवेदकलाई चमेनागृह सञ्चालन गर्न दिने नदिने अधिकार कार्यालयलाई रहनेछ।
५. प्रस्ताव खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिन हुनेछ।
६. चमेनागृहबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण, गुणस्तर एवंम वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाईएमा कार्यालयले जुनसुकै बखत सम्झौता शर्त मुताबिक आवश्यक कारवाही गर्न सक्नेछ।
७. चमेनागृह सञ्चालन अवधि सम्झौता भएको मिति देखि २०८३ असार मसान्त सम्म हुनेछ।
८. प्रस्ताव दर्ता गर्दा धरौटी बापत रु. ८,१००। प्र.ले.नि.का धनगढीको राष्ट्रिय वाणिज्य बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००२०२०३०००० (कार्यालयको कोड नं.३५००६७७०२७) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नगदी रसिद राख्नुपर्ने छ।
९. चमेनागृह संचालक सम्वन्धित फर्म दर्तावाला व्यक्तिनै हुनूपर्नेछ।
१०. चमेनागृहमा सुर्तिजन्य तथा मदिराजन्य पदार्थ तथा कानून बमोजिम प्रतिवन्धित अन्य कुराहरु विक्री वितरण तथा उपयोग गर्न पाईने छैन।
११. यसमा उल्लेख नभएका कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।

## एएफसी महिला एसियन कप छनोट आजदेखि

# नेपालले लाओससँग खेल्ने




**काठमाडौं/मस**–एएफसी महिला एसियन कप छनोट अन्तर्गत समूह एफका खेलहरू आइतबारदेखि उज्वेकिस्तानमा सुरु हुँदैछ। एसियन कप छनोट हुने लक्ष्यसहित उज्वेकिस्तान पुगेको नेपालले नयाँ प्रतिद्वन्द्वी लाओससँग खेलेर छनोट यात्रा सुरु गर्नेछ।

खेल उज्वेकिस्तानको तास्केन्तस्थित बुनयोदकोर स्टेडियममा नेपाली समय अनुसार साँझ सवा ६ बजे सुरु हुनेछ।

नेपालका लागि यो एक खेल मात्र नभएर अन्तर्राष्ट्रिय महिला फुटबलमा ऐतिहासिक खेल समेत हुनेछ। अन्तर्राष्ट्रिय महिला फुटबल खेल्न थालेको ४ दशकमा नेपाली महिला टोलीले लाओससँगको खेलबाटै एक सयौं खेल पूरा गर्दैछ। जुन नेपाली महिला फुटबलमा अर्को कोसेढुंगाको रुपमा रहनेछ।

छनोटको पहिलो खेल, ऐतिहासिक खेलमा नेपालमा नवनियुक्त मुख्य प्रशिक्षक प्याट्रिक डि वाइल्डले पनि डेब्यू गर्दैछन्। यस खेलमा नेपाल लाओसलाई हराएर सुखद सुरुवात गर्ने लक्ष्यमा छ।

आइतबार नै घरेलु टोली उज्वेकिस्तानले श्रीलंकासँग खेल्नेछ। यस समुहमा उज्वेकिस्तान सबैभन्दा बलियो टोलीको रुपमा छ। घरेलु टोली भएकोले उसलाई फाइदा पनि छ। उज्वेकिस्तानसँगै नेपाल समूह विजेता बन्ने दाबेदार टोलीको रुपमा छन्।

नेपाल र उज्वेकिस्तानबीचको खेल अन्तिम खेल भएकोले त्यसअघि नेपाल राम्रो सुरुवात गर्न चाहन्छ। समूहको विजेता मात्र महिला एसियन कपमा पुग्ने भएकोले हरेक खेलको नतिजा महत्वपूर्ण हुनेछ। अन्तिममा अंक बराबर भएमा गोल अन्तर पनि महत्वपूर्ण बन्न सक्छ।

मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्डले शनिबार आयोजित प्रि-म्याचमा नेपाली टोली शारीरिक र मानसिक रूपमा तयार रहेको बताए। 'फुटबलमा सबैभन्दा राम्रो पक्ष भनेको उच्च स्तरको अन्तर्राष्ट्रिय खेल खेल्नु नै हो। शारीरिक र मानसिक रूपमा तयार छौं। हामी हाम्रो तर्फबाट बेस्ट दिनेछौं' उनले भने।

यस्तै स्टार फरवार्ड सावित्रा भण्डारी साम्बाले पनि हरेक खेल महत्वपूर्ण हुने र पहिलो खेलदेखि नै राम्रो खेल्नुपर्ने बताएकी छन्। मिडफिल्डर रेनुका नगरकोटीले पनि नयाँ प्रशिक्षकको अन्डरमा ऐतिहासिक खेल खेल्न उत्साहित रहेको बताएकी छन्।

महिला फुटबलमा नेपालले लाओससँग पहिलो पटक खेल्न लागेको हो। पुरुष फुटबलमा नेपाल र लाओस पहिल्लो समयमा भेट भइरहेपनि महिला फुटबलमा भने यसअघि कुनै खेल भएको थिएन। त्यसैले दुवै टिमका लागि नौलो प्रतिद्वन्दी हुनेछ।

तर पछिल्लो समय नेपाली टोलीले महिला फुटबलमा विभिन्न अन्तर्राष्ट्रिय खेलहरू खेलिरहेको छ। करिब एक महिनाअघि नेपालले बलियो टोली थाइल्याण्डसँग मैत्रीपूर्ण खेल खेलेको थियो। नेपालको तुलानामा लाओसले कम खेल खेलेको छ। नेपाली महिला टिमले पछिल्लो चार खेलमा जित भने हात पार्न सकेको छैन।

लाओसको तुलनामा नेपाली महिला टोलीले धेरै अन्तर्राष्ट्रिय खेल खेल्नुका साथै एक्सपोजर पनि पाएको छ। फिफा वरियतामा नेपाल लाओसभन्दा ७ स्थान माथि छ।

## रोड रेसको उपाधि राजन र सन्तोषीलाई




**काठमाडौं/मस**-वीर गणेशमान सिंह फाउन्डेसनअन्तर्गत वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीको आयोजनामा पाँचौं वीर गणेशमान सिंह १० किलोमिटर रोड रेस शनिबार काठमाडौंमा सम्पन्न भएको छ।

पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका राजन रोकायाले ३१ मिनेट २२ सेकेन्डमा दौड पूरा गर्दै उपाधि जिते। उनका सहकर्मी खड्क बहादुर खड्का ३१ मिनेट ५५ सेकेन्डमा दौड समाप्त गर्दै दोस्रो भए भने मुकेश बहादुर पालले ३२ मिनेट १२ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो स्थान हासिल गरे। बागलुङका तीर्थ पुन चौथो भए भने केन्याका जुलियस मुरीउकीले पाँचौं स्थान प्राप्त गरे।

महिलातर्फ राष्ट्रिय कीर्तिमानी धाविका सन्तोषी श्रेष्ठले ३८ मिनेट ३ सेकेन्डमा दौड पूरा गर्दै उपाधि जितिन्। त्रिभुवन आर्मी क्लबकी पूर्ण लक्ष्मी न्यौपानेले ३९ मिनेट १९ सेकेन्डमा दौड पूरा गर्दै दोस्रो स्थान प्राप्त गरिन् भने एपीएफका आशा रावतले ४० मिनेट २७ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो स्थान हासिल गरिन्।

सोही क्लबकी फूलमति राना ४० मिनेट २७.०१ सेकेन्डमा दौड समाप्त गर्दै चौथो भइन्।

दौड दरबारमार्गस्थित एडिडास शोरुमबाट बिहान ७ बजे सुरु भई भद्रकाली, रत्नपार्क, जमल, दरबारमार्ग, केशरमहल, लैनचौर, लाजिम्पाट, महाराजगन्ज, बालुवाटार, नक्साल, जय नेपाल हल हुँदै पुनः दरबारमार्गमै समाप्त भएको थियो।

प्रतियोगितामा विभागीय टिम, संघसंस्था, विद्यालय-कलेज, विदेशी धावकसहित करीब ५५० खेलाडीहरूको सहभागिता थियो। पुरुष तथा महिला दुवैतर्फ प्रथम स्थान प्राप्त गर्ने खेलाडीले नगद ६० हजार, दोस्रोले ३० हजार, तेस्रोले १५ हजार, चौथोले १० हजार र पाँचौंले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्।

दौडको कोर्ष रेकर्ड भने अझै भंग हुन सकेन। महिलातर्फ राजपुरा पछाईको ३६ मिनेट ४३.२ सेकेन्ड र पुरुषतर्फ गोपीचन्द्र पार्कीको ३१ मिनेट ११.४ सेकेन्ड कोर्ष रेकर्ड कायम छ।

## एरिकाले जितिन् थाइल्याण्ड ओपन करातेमा स्वर्ण




**काठमाडौं/मस**–नेपाली कराते स्टार एरिका गुरुङले थाइल्याण्ड ओपन करातेमा स्वर्ण पदक जितेकी छन्। उनले सिनियर महिला कुमिते +६८ केजीमा थाइल्याण्डकी चनकन खियोखामलाई पराजित गरिन्।

यही स्पर्धामा नेपालकै महिमा राईले कास्य पदक जितेकी छन्। एरिका नेपालका लागि गत वर्ष एसियन सिनियर करातेमा ऐतिहासिक रजत पदक तथा केही साताअघि भएको कराते १ प्रिमियर लिगमा पनि ऐतिहासिक कास्य पदक जितेकी थिइन्।

थाइल्याण्ड ओपन करातेमा नेपालका लागि अन्य खेलाडीहरूले पनि राम्रो प्रदर्शन गरेका छन्। यू१२ पुरुष कुमिते ३७ केजीमा सम्पन्न बस्नेतले रजत जिते।

सिनियर पुरुष कुमिते ७५ केजीमा राजिव पुडासैनीले तेस्रो स्थान हासिल गरेका छन्। त्यस्तै सिनियर महिला कुमिते ६८ केजीमा कृतिका अधिकारी तेस्रो भइन्। सिनियर महिला कुमिते ५५ केजीमा सबिना श्रेष्ठले तेस्रो स्थान हासिल गरिन्। सिनियर महिला कुमिते ५० केजीमा वर्षा बुढामगर तेस्रो भइन्। यू१४ महिला ५२ केजीमा दिया तामाङ तेस्रो भइन्। पुरुष कुमिते ४५ केजीमा आशिष हरिजन तेस्रो भए। यू १४ पुरुष कुमिते ५० केजीमा प्रजल थापा तेस्रो भए।

## काठमान्डु गुर्खाजले गर्‍यो ६ खेलाडीलाई रिटेन




**काठमाडौं/मस**–नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगिताका लागि काठमान्डु गुर्खाज (गोर्खाज)ले ६ खेलाडीलाई रिटेन गरेको छ।

टीमले सार्वजनिक गरेको सूचीअनुसार रिटेन हुने खेलाडीहरूमा कप्तान करण केसी, शाहाब आलम, भीम सार्की, राशिद खान, दिपेश कँडेल र प्रतीक श्रेष्ठ छन्। यी खेलाडीले पहिलो संस्करणमा पनि काठमाण्डु गुर्खाजका लागि उत्कृष्ट प्रदर्शन गरेका थिए।

यसरी रिटेन गरिएका खेलाडीहरूमध्ये करण नेपाली राष्ट्रिय टोलीका तीव्र गतिका बलर हुन् भने भीम पछिल्लो समय घरेलु क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरिरहेका युवा खेलाडी हुन्। शाहाब स्पीन बलिङमा पारंगत छन् भने राशिद खान, दिपेश कंडेल र प्रतीक श्रेष्ठले पनि घरेलु प्रतियोगितामा राम्रो प्रभाव छाडेका छन्।

एनपीएलको दोस्रो संस्करण निकट आएसँगै विभिन्न टिमहरूले तयारी तीव्र बनाएका छन् र खेलाडी छनोटको प्रक्रिया अघि बढाएका छन्।

## दोस्रो टेस्टमा बंगलादेशविरुद्ध श्रीलंका विजयी




**काठमाडौं/मस**- बंगलादेशविरुद्धको दुई टेस्ट खेलको शृंखलामा श्रीलंका १-० ले विजयी भएको छ।

कोलम्बोमा खेलिएको दोस्रो टेस्टमा श्रीलंकाले बंगलादेशलाई एक इनिङ र ७८ रनले हराएको हो।

बंगलादेशले पहिलो इनिङमा २४७ रन बनाएको थियो। श्रीलंकाले आफ्नो पहिलो इनिङमा ४५८ रन बनाएको थियो भने २११ रनको अग्रता लिएको थियो।

बंगलादेशको दोस्रो इनिङ १३३ रनमा समेटियो।

श्रीलंका र बंगलादेशबीच गालेमा खेलिएको पहिलो टेस्ट बराबरीमा सकिएको थियो। श्रीलंका र बंगलादेशबीच खेलिएको यो टेस्ट शृंखला आईसीसी विश्व टेस्ट च्याम्पियनसिप २०२५-२७ को हिस्सा हो।

यो जितसँगै श्रीलंका अंक तालिकामा तेस्रो स्थानमा पुगेको छ।

आईसीसी विश्व टेस्ट च्याम्पियनसिप अंक तालिकामा अस्ट्रेलिया पहिलो स्थानमा छ भने इङ्ग्ल्यान्ड दोस्रो स्थानमा छ।

## ताप्लेजुङ गोल्डकप २३ साउनदेखि

**ताप्लेजुङ/मस**–अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको तेस्रो संस्करण आगामी साउन २४ देखि सुरु हुने भएको छ।

यो प्रतियोगिता जिल्लाको सबैभन्दा प्रतिष्ठित मानिन्छ। लाखेजात्रा पर्वको अवसरमा लाखेजात्रा सञ्चालन समितिले आयोजना गर्दै आएको उक्त गोल्डकप प्रतियोगिता साउन ३१ गते श्रीकृष्ण जन्माष्टमीका दिन फाइनल खेलका साथ सम्पन्न हुनेछ।

समितिका सचिव टिकेन्द्र नेपालीका अनुसार प्रतियोगिताको तयारीअन्तर्गत खेल मैदानमा प्यारापिट निर्माणका लागि पहल सुरु गरिएको छ। उक्त प्यारापिट निर्माणका लागि करिब तीन हजार बाँस आवश्यक पर्ने र बाँस बिक्री गर्न इच्छुक किसानलाई न्यूनतम मूल्यमा प्रस्ताव दिन आह्वानसमेत गरिसकेको छ।

प्रतियोगिताको तयारीस्वरूप खेलमैदानमा दुबो रोप्ने कार्य पूरा भइसकेको छ। प्रतियोगिताको विजेता र उपविजेतालाई प्रदान गरिने पुरस्कार राशिबारे छलफल जारी रहेको र छिट्टै निर्णय लिइने अध्यक्ष सागर मादेनले जानकारी दिए। प्रथम संस्करणमा ३ लाख, दोस्रोमा ५ लाख नगद पुरस्कार प्रदान गरिएकोमा, यसपटक त्यो पुरस्कार राशि अझ बढ्ने संकेत देखिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/१५**

**आभा शिक्षा सदन काठमाडौं** को मिति २०८२/०२/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **युनिग्लोब प्रिमियर स्कुल काठमाडौं (प्रा.लि. नं.: २०२०८)** कायम गर्ने गरी मिति २०८२/०३/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**Hongan Trade Private Limited**

Lampati 14, Kalanki, Kathmandu, Nepal Tel:+977 9745302442
VAT Number: 622322368 EXIM Code: 6223223680184NP

| सि. नं. | माल बस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोटर क्षमता | दुरी क्षमता | उत्पतिको मुलुक | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | EA Model: HH7000BEV73CB | Mini SUV | HOANN | 25 KW | 260 KM | China | 28,00,000 | 28,00,000 |

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**
चरिकोट शाखा, दोलखाको

**सेफ डिपोजिट लकर उपर ३५(पैंतिस) दिने हकदाबी सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८२/०३/१५**

श्री चन्द्र लाल योगलको नाती, श्री अमृत लाल योगलको छोरा, सुनिता कुमारी योगलको पति बागमति प्रदेश काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला भिमेश्वर न.पा. वडा नं. ६, बिच बजार, चरिकोट बस्ने श्री सुनिल काजी योगल र सुनिता कुमारी योगलको संयुक्त नाममा यस बैंकको चरिकोट शाखा कार्यालयमा सेफ डिपोजिट लकर नं. १०२८१ लिई प्रयोग गरी आउनु भएकोमा निज लकरवाला मध्ये श्री सुनिल काजी योगलको आफ्नै कालगतिले मिति बि.सं. २०८२/०१/०१ गते मृत्यु भएको भनी मृतकको हकवाला पत्नी नाताकी सुनिता कुमारी योगल (ना.प्र.नं. ३४३, जारी मिति २०३४/०४/१८, जि.प्र.का. काभ्रेपलाञ्चोक) ले उक्त यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति २०८२/०२/२२ मा आवश्यक कागजात सहित यस बैंकको चरिकोट शाखा कार्यालयमा निवेदन दिनु भएको हुदां निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८१ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको चरिकोट शाखा कार्यालय, बिच बजार, दोलखामा हकदाबी गर्न आउनु होला। अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL

**साउदीमा रोजगार**

१. कम्पनीः BRANCH OF DAR AL ESNAD COMPANY FOR FOODS SERVICE शहरः Jeddah
पूर्व स्वीकृत मितिः २०८२/०३/१३ चलानी नं.: ६०२४०२९९ L.T. No.: 326374

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 23 | 0 | स. काममा दक्ष | 1000 | ३६,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Sulaiman Muhammad Abdulaziz Aljarboua For Refrigeration & Air Conditioning Establishment शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२४०३०१ L.T. No.: 325249

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and unloading worker/ helper | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः Tamkeen Decor Contracting Est शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०२/१९ चलानी नं.: ६०२४०३०२ L.T. No.: 325051

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SMALL TRUCK DRIVER | 1 | 0 | स. काममा दक्ष | 1800 | ६५,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १ र २ रु. १०,००० कामदारले कम्पनी ३ निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.** श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल, तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोन:०१-४४१२१७१
मो: ९८५१०६०१८५, Email: alryanktm@gmail.com

**कतारमा रोजगार**

कम्पनी : Pathau Services शहर : Qatar
पूर्व स्वीकृत मितिः २०८२/०३/१३ चलानी नं.: ६०२४०२९५ LT. No.: 326327

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 1 | सम्बन्धित काममा दक्ष | 4000 | १४९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | BUSINESS EXECUTIVE | 0 | 2 | | 2500 | ९३,३५० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1700 | ६३,४७८ | | | | | | | |
| 4. | Foreman | 0 | 1 | | 2500 | ९३,३५० | | | | | | | |
| 5. | Gen. Cleaninig Labour | 0 | 2 | | 1400 | ५२,२७६ | | | | | | | |
| 6. | SECRETARY | 0 | 1 | | 2100 | ७८,४१४ | | | | | | | |
| 7. | SERVICE ASSISTANT | 0 | 1 | | 1700 | ६३,४७८ | | | | | | | |
| 8. | Supervisor | 0 | 1 | | 2500 | ९३,३५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**एसिया प्यासिफिक रिक्रुटमेण्ट सर्भिस प्रा. लि.** श्रम ई.नं. : ५१२/०६१/०६२
बसुन्धारा, काठमाण्डौ, फोन : ४३६०५९८, ९८५१०६७६६३, Email : uddabg2@gmail.com

**युएईमा रोजगारको अवसर**

कम्पनी : NEW AL TAJ TECHNICAL SERVICES शहरः DUBAI
पुर्व स्वीकृत मितिः २०८२/०३/१३ चलानी नं.: ६०२४०२४४ LT. No.: 326312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 4 | 0 | | 1200 | ४४७१२ | | | | | | | |
| 3. | Plasterer For Building | 6 | 0 | | 1200 | ४४७१२ | | | | | | | |
| 4. | Reinforce Fitters | 2 | 0 | | 1200 | ४४७१२ | | | | | | | |
| 5. | Steel Fixer | 7 | 0 | | 1200 | ४४७१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

**युएईमा रोजगार**

कम्पनीः ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०३/१३ चलानी नं.: ६०२४०३०३ L.T. No.: 326410

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer / Building worker | 100 | 0 | स. काममा दक्ष | 800 | २९,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SIMRIK OVERSEAS PVT. LTD.** Govt Lic. No. 223/058/059
Shambhu Marga, Manpower Bazar, Airport, Sinamangal, Kathmandu, Tel: 01-4981322, 01-4981422, Mob.: 9802096694, 9802096692

**साउदीमा रोजगार**

कम्पनीः Zuhd Al-Masiyah General Contracting Establishment शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०३/१३ चलानी नं.: ६०२४०२९८ LT. No.: 326193

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Saudi Arabia | 2 | 0 | स. काममा दक्ष | 2000 | ७२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700, Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com



# छुट्टै पर्यटन बसपार्क नहुँदा पार्किङको समस्या छ

**बेदराज बास्तोला**
**अध्यक्ष, नेपाल पर्यटक यातायात व्यवसायी संघ**

नेपाल आउने पर्यटकलाई सवारी साधनमार्फत् नेपाल घुमाउने पर्यटक यातायात व्यवसायमा ठूलो लगानी छ । पर्यटक यातायात क्षेत्रमा चार हजार भन्दा बढी सवारी साधनहरू सञ्चालनमा छन् भने आठ हजार भन्दा धेरै श्रमिकले रोजगारी पाएको समेत पाएका छन् । पर्यटकलाई सेवा दिन हरियो नम्बर प्लेट लिएका ठूला सवारी साधनको लागि भनेर वर्षौंदेखि बसपार्क कै माग गरेपनि अहिलेसम्म व्यवस्थित पार्किङको व्यवस्था समेत हुन सकेको छैन । पर्यटन यातायात व्यवसायले पर्यटन क्षेत्रमा गरेको योगदान तथा अवसर र समस्याको विषयमा नेपाल पर्यटक यातायात व्यवसायी संघका अध्यक्ष बेदराज बास्तोलासँग मध्यान्हका छवि सापकोटाले कुराकानी गरेका छन् ।

**पर्यटक यातायात व्यवसायको अवस्था कस्तो छ ?**

कोराना माहामारीको समयमा पर्यटकको आगमन ठप्प हुँदा पर्यटक यातायात व्यवसाय संकटमा परेको थियो । महामारीको कारण गाडीहरू ठप्प हुँदा लगानीकर्ता देखि श्रमिकसम्म सबै समस्यामा परेका थिए । तर, पछिल्लो समय पर्यटक आगमन बढ्दै जाँदा पनि पर्यटक यातायात व्यवसाय फस्टाउन सकेको छैन । नीतिगत तथा कानुनको अभावमा पर्यटक यातायात क्षेत्रमा लगानीको जोखिम बढ्दै गएको छ ।

यस्तै नेपालको सडक निर्माणमा ढिलाईको कारण समेत यातायातका साधन बिग्रिने समस्याले व्यवसायमा आवश्यक नाफा हुन सकेको छैन । पछिल्लो समय नेपालमा विदेश जानेको संख्या बढ्दै जाँदा दक्ष चालक तथा सहचालकको समेत अभाव हुँदै गएको छ । अझ पछिल्लो समय राईडिङ कम्पनीको कारण समेत पर्यटक यातायात क्षेत्र संकटमा परिरहेको छ । पर्यटन यातायात हुँदाहुँदै पनि भारतीय सवारी साधन नेपाल आउँदा हामीलाई थप समस्या परेको छ ।

**पर्यटक यातायात व्यवसायमा लगानीको अवस्था कस्तो छ ?**

नेपालमा पर्यटक आगमनसँगै पर्यटन यातायातको बिस्तार भएको छ । नेपाल आउने पर्यटकका लागि देश चिनाउने काम पर्यटन व्यवसायीले निरन्तर गरिहेका छन् । पर्यटन क्षेत्रको अभिन्न अंग पर्यटक यातायात व्यवसाय हो । पर्यटकका लागि साना सवारीदेखि गुणस्तरीय र सुविधा सम्पन्न एसी सवारी साधनको उपलब्धता छ ।

पर्यटन क्षेत्रमा लगानी हेर्दा होटल र हवाई क्षेत्र पश्चात पर्यटक यातायातमा धेरै लगानी भएको छ । पर्यटक यातायात क्षेत्रमा चार हजार भन्दा बढी सवारी साधनहरू सञ्चालन भइरहेका छन् भने आठ हजार भन्दा धेरै श्रमिकले रोजगारी समेत पाएका छन् ।

**पर्यटक यातायात व्यवसायमा समस्या के छ ?**

सबैभन्दा प्रमुख समस्या भनेको भारतीय सवारी साधनको आगमन बढ्नु हो । पर्यटन क्षेत्रमा सञ्चालन गर्ने गरी खरिद गरिने सवारी साधनमा अन्तःशुल्क, भ्याट लगायत राज्यले लगाउने करिव २४७ प्रतिशत प्रतिशत करले सवारी साधन महँगो परेको छ । भारतमा ३० लाख पर्ने सवारी साधन नेपालमा ल्याउदा एक करोड भन्दा माथि पुग्छ । तर, लगानी र व्यवसायको सुरक्षित वातावरण बन्न सकेको छैन ।

यस्तै चार हजार भन्दा बढी पर्यटक सवारी साधनको लागि पार्किङको व्यवस्था छैन । पार्किङ नहुँदा सडकबाट पर्यटकलाई सेवा दिनु परिहेको छ । पार्किङ स्थल नतोकिँदा पर्यटक र व्यवसायी दुवैलाई समस्यै समस्या परेको छ । सरकारले पर्यटन क्षेत्रलाई बिस्तार गर्ने हो भने पर्यटक यातायातलाई व्यवस्थित बनाउने नीति बनाउन आवश्यक छ । भारतीय सवारी साधनहरू नेपाल आएता पनि पर्यटकीय क्षेत्रमा प्रवेशमा रोक मात्र लगाउने हो भने पर्यटक यातायातले काम प्राप्त गर्न सक्छन् ।

**पर्यटन क्षेत्रका लागि पर्यटन यातायातको भूमिका कस्तो छ ?**

नेपालको सार्वजनिक यातायात व्यवस्थित नहुँदा पर्यटकका लागि पर्यटक यातायात नै भरपर्दो सवारी साधन हो । पूर्ण जिम्मेवारी सहित काम गरिरहेको पर्यटक यायायातले सरकारी निकायबाट निकै कम सहयोग प्राप्त गरेको छ । पर्यटक यातायातको दुर्घटना निकै कम छ अरु सवारी साधनलाई जस्तो हतार नगरी यातायात चलाउने भएकोले समेत भरपर्दो सवारीको साधनको रूपमा पर्यटक यातायात व्यवसायीले काम गरिहेका छन् ।

## सांसदहरूको सुझाव : आन्तरिक उत्पादन र कर प्रणाली सुधार आवश्यक



**काठमाडौं/मस** – सांसदहरूले आन्तरिक उत्पादन वृद्धिदेखि कर प्रणालीको सुधार आवश्यक रहेको धारणा व्यक्त गरेका छन् । प्रतिनिधिसभाको शनिबारको बैठकमा आर्थिक विधेयक, २०८२ माथि प्राप्त संशोधनसहितको छलफलमा सहभागीहरूले उक्त धारणा राखेका हुन् ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले आन्तरिक उत्पादन बढाएर आयात प्रतिस्थापन गर्नुपर्नेमा जोड दिए । उनले भने, 'हरित कर लगाउने प्रस्ताव आवश्यक छैन, प्रदूषण कर लागू गरेर हरित सहर निर्माण गर्नुपर्छ, मदिरा र सुर्तीको प्रयोग अन्त्य गर्ने वातावरण बनाउनुपर्छ ।' उनले सरकारको प्रत्यक्ष संलग्नतामा जलविद्युत् र सिँचाइ परियोजनाहरू सञ्चालन गर्नुपर्नेमा पनि जोड दिए ।

सांसद प्रभु साहले ठूला वर्गहरूलाई पनि करको दायरामा ल्याउन माग गरे । 'सामान्य किसानलाई कर तिर्न बाध्य बनाइन्छ, तर ठूला पेशागत व्यक्तिहरू करको दायरामा पर्दैनन्', उनले भने, 'करको दायरा बढेको भए पनि राजस्व असुलीमा ठूलो घोटाला छ ।'

सांसद रणेन्द्र बरालीले सुनचाँदीजस्ता गहनालाई विलासी वस्तुको सूचीमा राखेर कर लगाउन नहुने तर्क गरे । 'जन्मदेखि मृत्युसम्म सुनचाँदी चाहिन्छ, ठूला होटेलका महँगा र विलासी वस्तुसँग तुलना गरेर गहनामा विलासी शुल्क लगाउनु अव्यवहारिक छ', उनले भने, 'विदेशबाट तोकिएको मात्राभन्दा बढी सुन ल्याएमा जफत गरिने व्यवस्था मजदुरवर्गमाथि अन्याय हो, त्यसलाई खारेज गर्नुपर्छ ।'

सांसद नारायणी शर्माले जडीबुटी उत्पादनलाई प्रोत्साहन गरी जडीबुटीजन्य उद्योगको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए । उनले देशको अर्थतन्त्र सुधारका लागि प्राकृतिक स्रोतको सदुपयोग आवश्यक रहेको उल्लेख गरे । सांसद छिरीङ डम्डुल लामाले विलासी वस्तुअन्तर्गत २ प्रतिशत करले सुनचाँदी तथा हिरा व्यवसाय प्रभावित हुने बताए ।

सांसद शक्तिबहादुर बस्नेतले आय-व्ययको तालमेल नमिलेको तथा विधेयकमा समेटिएका तथ्यांक यथार्थपरक नभएको टिप्पणी गरे । 'सामाजिक न्यायका मूल्यहरू कमजोर हुँदै गइरहेका छन्, वृद्धभत्ताको उमेरसमेत घटाइएको छ, यस्तो अवस्थामा कर प्रणालीलाई प्रगतिशील बनाउन जरुरी छ', उनले भने ।

सांसद माधव सापकोटाले नागरिकले कर तिर्नुपर्ने भए पनि राज्यले सामाजिक उत्तरदायित्व पूरा गर्न नसकेको उल्लेख गरे । उनले भने, 'कर तिर्दा नागरिकले संरक्षकत्वको प्रत्याभूति पाउनुपर्छ, तर सामाजिक सुरक्षाको भत्ता घटाइएको छ, जुन उचित निर्णय होइन ।'

सांसद रुपा सोशी चौधरीले आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्ने बताउँदै आर्थिक नीति सरल नहुँदा नेपालमा धेरै उद्योग बन्द भइरहेको उल्लेख गरिन् । उनले उद्योग प्रवर्द्धनमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिइन् । सांसद वर्षमान पुनले सुनचाँदीलाई विलासी वस्तुको सूचीबाट हटाउनुपर्ने सुझाव दिँदै कर वृद्धि गर्ने नीति गलत रहेको बताए । उनले औषधिजन्य वस्तुहरूमा मूल्य अभिवृद्धि कर (भ्याट) हटाउनुपर्ने धारणा राखे ।

सांसद अमनलाल मोदीले स्वदेशी उत्पादनलाई प्रोत्साहन दिनुपर्ने भन्दै त्यसमार्फत् रोजगारी सिर्जना र राजस्व वृद्धिमा सहयोग पुग्ने धारणा व्यक्त गरे । सांसद डा प्रकाशशरण महतले सुन आयातमा रहेको कोटा प्रणाली हटाउनुपर्ने माग गरे ।

'सुनचाँदीजस्ता वस्तुमा कर लगाउनु हुँदैन, कुन वस्तुमा कर लगाउने भन्ने स्पष्ट नीति आवश्यक छ', उनले भने, 'आन्तरिक उत्पादन र रोजगारी वृद्धि भएमा करको दायरा स्वाभाविक रूपमा विस्तार हुन्छ ।'

## राष्ट्र ऋण उठाउने र आर्थिक विधेयक पारित

**काठमाडौं/मस** – राष्ट्र ऋण उठाउने विधेयक, २०८२ र आर्थिक विधेयक, २०८२ प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ती विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए ।

उक्त प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले उत्पादन, उत्पादकत्व वृद्धि र विकास तथा समृद्धिको आकांक्षा पूरा गर्न ऋण लिन आवश्यक रहेको बताए । साधारण खर्चका लागि ऋण लिने नभई पुँजीगत खर्चका लागि मात्रै लिनुपर्ने भनेर सदनबाट आएका सुझाव ग्रहणयोग्य रहेका उनले उल्लेख गरे ।

राष्ट्र ऋण उठाउने विधेयक, २०८२ माथिको छलफलको क्रममा सांसद डा प्रकाशशरण महतले सार्वजनिक ऋण बढ्दै जानु र त्यस्तो रकम पुँजी निर्माणमा खर्च हुन नसक्नु गम्भीर समस्याका रूपमा रहेको बताएका थिए । शनिबारको बैठकबाट राष्ट्र ऋण उठाउने विधेयक, २०८२ माथि परेका संशोधन प्रस्तावहरू बहुमतले अस्वीकृत भएका थिए ।



त्यस्तै, शनिबारको बैठकमा आर्थिक विधेयक, २०८२ माथि प्राप्त संशोधनहरू माथि छलफल भएको थियो । संशोधन प्रस्तावमाथिको छलफलका क्रममा छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले कर नीतिमा स्थिरता कायम गरी लगानीको वातावरण बनोस् भन्ने उद्देश्यसहित धेरै हेरफेर नभएको बताएका थिए ।

करको दायरा विस्तार गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने, अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउने लगायतका विषयहरू आर्थिक ऐनको प्राथमिकतामा रहेको उनको भनाइ थियो । हरेक वर्ष राजस्वका दरहरू हेरफेर गर्दा लगानीकर्तालाई त्यसले समस्या पार्नसक्ने अवस्थालाई मध्यनजर गर्दै नीतिगत स्थिरतामा जोड दिइएको अर्थमन्त्री पौडेलले बताए ।

उद्योगी व्यवसायीलाई लगानीका लागि प्रेरित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र समग्र राष्ट्रिय अर्थतन्त्रलाई योगदान पुऱ्याउन सक्ने क्षेत्रको करमा छुट र सहुलियतका प्रावधान ल्याइएको उनको भनाइ छ । यही कुरालाई मध्यनजर गरेर आगामी आर्थिक वर्षका लागि आर्थिक विधेयक प्रस्तुत गरिएको अर्थमन्त्री पौडेलको दाबी छ । आर्थिक विधेयक, २०८२ माथि परेका सबै संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको छ ।

## 'कांग्रेस–एमाले मिलाउने स्वार्थ समूहले बजेटमा चलखेल गऱ्यो'

**काठमाडौं/मस** – नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत बिचौलियाहरूको स्वार्थमा नीति ल्याएको बताएका छन् । पार्टी सम्वद्ध नेपाल उद्योग व्यापार महासंघको सचिवालय बैठक तथा अन्तरक्रियात्मक प्रशिक्षण कार्यक्रमलाई शनिबार भक्तपुरमा सम्बोधन गर्दै पुनले रड बनाउन प्रयोग हुने स्पन्ज आइरन र तार जाली उद्योगका लागि आर्थिक चलखेलका आधारमा कर नीति ल्याइएको बताए ।

सत्तानिकट अमुक स्वार्थ समूहको फाइदाका लागि ल्याइएको नीतिका कारण अर्बौं लगानी गरेका अरु व्यवसायीको व्यवसाय धरापमा पर्ने र हजारौंको रोजगारी गुम्ने अवस्था आएको उनको भनाइ थियो । 'स्पन्ज आइरनमा लगाइँदै आइको करलाई १ प्रतिशत झारिएको छ । अर्को थरिलाई ५ प्रतिशत कर लगाइएको छ । यसरी त उद्योग चल्दैन । भएको रोजगारी पनि गुम्छ', पुनले भने ।



उनले कानुन बनाउनेदेखि बजेट निर्माण र ठेक्कापट्टामा समेत बिचौलियाकरण भएकाले भन्दै यो स्थितिको अन्त्य नगरी मुलुकमा राष्ट्रिय पुँजी निर्माण सम्भव नहुने उल्लेख गरे । 'बिचौलियाको स्वार्थमा राज्यका निकायले कानून बनाउने कुराले समाजवादको आधार निर्माण गर्दैन', पुनले भने, 'राष्ट्रिय पुँजी निर्माण गर्ने र प्रतिस्पर्धी वातावरण बनाएर मात्र समाजवादको आधार तयार पार्न सकिन्छ ।'

## श्रेष्ठ टेलरिङले मनायो ५०औं वार्षिकोत्सव

**काठमाडौं/मस** – सुटिङ तथा सर्टिङ क्षेत्रमा सुपरिचित श्रेष्ठ टेलरिङ सेन्टरले आफ्नो स्थापनाको ५०औं वार्षिकोत्सव मनाएको छ । काठमाडौंको बागबजारमा मुख्य शोरुमसहित मैतीदेवी, चाबहिल, त्रिपुरेश्वर, चुच्चेपाटी, धुम्बाराहीमा शाखा खोलेर ग्राहकलाई सेवा दिँदै आएको श्रेष्ठ टेलरिङ नेपालको पहिलो आईएसओ मान्यता प्राप्त टेलरिङ कम्पनी हो ।

वि.सं. २०३१ सालमा एउटा सानो कोठामा पाँच सय रूपैयाँबाट टेलरिङको व्यवसाय सुरुवात गरेको श्रेष्ठ टेलर्सले बितेका ५० वर्षमा लाखौं ग्राहकलाई सन्तुष्ट बनाउनुका अतिरिक्त ४० जनालाई प्रत्यक्ष र ६० जनालाई अप्रत्यक्ष गरी सय जनाभन्दा बढी युवायुवतीलाई रोजगारी दिएको छ । श्रेष्ठ टेलरिङमा काम गरेका कतिपयले आफ्नो स्वामित्वमा सफलतापूर्वक टेलरिङ व्यवसाय समेत गरिरहेका छन् ।



शनिबार आयोजित ५औं वार्षिकोत्सवको अवसरमा वर्तमान तथा भूतपूर्व कर्मचारीलाई टेलरिङले सम्मान गरेको छ । श्रेष्ठ टेलरिङका संस्थापक बाबुकाजी श्रेष्ठले स्थापना कालदेखि ग्राहकको रोजाई र चाहना अनुसार आफूकहाँ हरेक किसिमका ग्राहकलाई आफ्नो क्षमताका आधारमा चाहेको जस्तो गुणस्तरीय कपडा र राम्रो सिलाई होस भन्नेमा सचेत र प्रतिबद्ध रहेको बताए ।

उनले भने, हामीले चाडपर्व, शुभकार्य र सामाजिक कार्यहरूमा जुनसुकै उमेर समूहका लागि चाहिने पोशाकका साथै विद्यालय, कलेज तथा कार्यालयका लागि पोशाक उपलब्ध गराई रहेका छौं ।' ५०औं वार्षिकोत्सवका अवसरमा मध्यान्ह राष्ट्रिय दैनिकलगायत विभिन्न समाचार माध्यम, संस्था तथा व्यक्तिहरू पनि सम्मानित भएका छन् ।

नेपाल टेलरिङ व्यवसायी महासंघका अध्यक्ष शतिस श्रेष्ठ, निवर्तमान अध्यक्ष गोपाल परियार तथा नेपाल कपडा तथा सिलाई महासंघका अध्यक्ष सिद्धिविर श्रेष्ठ लगायतले श्रेष्ठ टेलरिङका संस्थापक बाबुकाजी श्रेष्ठ र श्रीमती नारायणदेवी श्रेष्ठले श्रेष्ठ टेलरिङलाई व्यावसायिक सफलताको ५० औं वर्षको यात्रामा गरेको संघर्ष र मेहनत अतुलनीय र व्यवसाय शुरूवात गर्न चाहने नयाँ पुस्ताका लागि प्रेरणादायी रहेको बताए ।

श्रेष्ठ टेलरिङले ५०औं वार्षिककोत्सवका अवसरमा प्रत्येक ग्राहकलाई स्क्र्याच कुपनमार्फत् हात खाली नजाने गरी सुटपिस, कोट पिस, पाइन्ट पिस, नगद दुई सय देखि एक हजारसम्मको गिफ्ट भौचर, ज्वारीकोट पिस, कुर्ता पिस, भित्ते घडी, ब्राण्डेड मोजा, दौरा-सुरुवालको व्यवस्था पनि गरिएको जानकारी दिएको छ ।

## तनहुँको व्यावसायिक अंगुर फार्ममा पर्यटक बढ्दै

**दमौली/रासस** – जिल्लामा पहिलो पटक ७० रोपनी क्षेत्रफलमा गरिएको व्यावसायिक अंगुरखेती अवलोकन गर्न आन्तरिक पर्यटकको आकर्षण बढेको छ । घिरिङ गाउँपालिका-४ बाह्रबीसेमा व्यावसायिक रूपमा थालिएको अंगुरखेती हेर्न जिल्लाका विभिन्न क्षेत्रबाट आन्तरिक पर्यटक पुग्न थालेका हुन् । काठमाडौं चन्द्रागिरिका कुमार कार्कीले पाँच वर्षअघि यहाँ जग्गा खरिद गरी व्यावसायिक रूपमा अंगुरखेती गरिरहेका छन् । विसं २०७७ मा घिरिङ भिनेयार्ड एग्रो रिसर्च सेन्टर दर्ता गरी खेती सुरु गरेकोमा अहिले फार्ममा लटरम्म अंगुर फलेका छन् । करिब ७० रोपनी क्षेत्रफलमा डिभिको, चार्डोनी, अर्काडिया, सोन्जालगायत २१ प्रजातिका अंगुर लगाएको कार्कीले जानकारी दिए । उनकाअनुसार जिल्लाको पहिलो अंगुरखेती हेर्न दैनिक ५० जनासम्म आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन् ।

व्यास नगरपालिका-५ का मोहनकुमार श्रेष्ठले लटरम्म फलेका अंगुरले यहाँ पुग्ने जोकोहीलाई लोभ्याउने बताए । अंगुर फार्ममा पसगेका छिमेकी ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले अंगुरखेती प्रशंसालायक रहेको उल्लेख गरे । सञ्चालक कार्कीका अनुसार फार्ममा चार जनाले स्थायी र २० जनाले ज्यालादारीका रूपमा रोजगारी पाएका छन् । स्वीट्जरल्याण्डबाट प्रतिबिरुवा सात सय देखि एक हजारसम्ममा खरिद गरी यहाँ ल्याएर रोपिएको उनले जानकारी दिए । अंगुरखेतीका लागि हालसम्म एक करोड ५० लाखभन्दा बढी लगानी भइसकेको उनले बताए ।

कार्कीका अनुसार यहाँ उत्पादित अंगुर वाइन बनाउनका लागि धादिङ पठाउने गरिएको छ । सात सय ५० मिलिलिटरका बोतलमा विभिन्न तीन प्रकारका वाइन उत्पादन भइरहेको उनले जानकारी दिए । वाइन बनाउने कम्पनीले धादिङको थाँक्रे गाउँपालिका-१० जुडेखोला केवलपुरमा विगत १५ वर्षदेखि ३०० रोपनी क्षेत्रफलमा ३० हजार बिरुवा लगाएर व्यावसायिक अंगुरखेती गरी वाइन उत्पादन गर्दै आएको कार्कीले बताए ।

धादिङमा ३८ करोड ५० लाखको लागतमा अंगुरखेती र वाइन उत्पादन भइरहेको भन्दै त्यहाँ उत्पादित वाइन प्रतिबोतल एक हजार २०० मा बिक्री भइरहेको उनले उल्लेख गरे । कार्कीले भने, 'कम्पनीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन गर्ने क्षमता छ ।'

वर्षामा एकपटक अंगुर फल्ने भएकाले अन्य समयमा फार्ममा रेखदेख, गोडमेल, काँटछाँट, बिरुवा मरेका ठाउँमा नयाँ बिरुवा लगाउनेलगायत कार्य गरिएको उनको भनाइ छ ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ